# स्थानीय शिक्षा योजना

## तिला गाउँपालिका, जुम्ला

## (२०८३/२०८४–२०८७/२०८८)


**प्रकाशक**

**तिला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

# हाम्रो भनाइ

शिक्षा त्यस्तो उज्यालो हो जुन उज्यालो नेत्रहीनहरूले पनि सहजै देख्न र उपयोग गर्न सक्दछन्। शिक्षाले जो कसैलाई पनि सभ्य, सद्गुणी र सदाचारी बनाउन सक्दछ। अर्थात शिक्षाले जो कोही मानिसलाई पनि वास्तविक मानव बनाउन सक्दछ। त्यस्तै शिक्षाले समाज र राष्ट्रको विकास र समृद्धिको जग निर्माण गर्न अहम् भूमिका खेल्दछ। समावेशी, गुणस्तरीय र जीवनोपयोगी शिक्षा बिना दिगो सामाजिक तथा आर्थिक विकासको परिकल्पना गर्न सकिँदैन। नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यस किसिमको संवैधानिक व्यवस्था तथा स्थानीय आवश्यकतालाई ध्यानमा राखी हाम्रो गाउँपालिकाले प्रस्तुत गाउँ शिक्षा योजना निर्माण गरेको छ। गाउँपालिकाको सबै क्षेत्रमा शैक्षिक पहुँच विस्तार अघि बढ्ने क्रममा भए तापनि भौगोलिक कठिनाइका कारण शैक्षिक पहुँचमा व्यवधान व्यहोरिरहेका बालबालिकाहरूलाई अथक प्रयत्नका बाबजुद पनि पूर्ण रुपमा न्याय दिलाउन सकिरहेका छैनौँ। अर्कोतिर सिकाइ उपलब्धि सुधार, शैक्षिक समानता सुनिश्चितता, शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि, सूचना प्रविधिको प्रभावकारी प्रयोग, शिक्षकको पेशागत विकास तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै सुधार आवश्यकता देखिएको छ। भौगोलिक अवस्था, सामाजिक आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासँग सम्बन्धित चुनौतीका कारण सबै बालबालिकाले समान स्तरको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर अझै पूर्ण सुनिश्चित हुन सकेको छैन।

प्रस्तुत गाउँ शिक्षा योजनाले त्यस किसिमका समस्या, स्थानीय आवश्यकता, स्रोत साधन तथा सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ। योजना तयार गर्दा विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकासका लक्ष्यहरूसँगको नीतिगत समन्वय कायम गरिएको छ। जसले हाम्रो शिक्षा प्रणालीलाई अझ व्यवस्थित, समावेशी र परिणाममुखी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। हाम्रो विश्वास छ प्रस्तुत शिक्षा योजनाले तिलाको शैक्षिक समस्यालाई सम्बोधन गरेको छ। तिलाका बालबालिकाले गुणस्तरीय शिक्षा पाउने आधार निर्माण गरेको छ। शिक्षाका माध्यमबाट तिलाको समृद्धिको गोरेटो बनाउने काम गरेको छ। शिक्षा कै माध्यमबाट विकास र समृद्धिको मार्ग खुला बन्दछ। बालमैत्री, अपाङ्गमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासका लागि तिला गाउँपालिकाको शिक्षा योजनाले आवश्यक आधार तयार पारेको छ भन्ने पूर्ण विश्वास छ। जसका कारण तिलाको शिक्षा क्षेत्रमा दिगो सुधार सम्भव हुनेछ।

अन्तमा प्रस्तुत गाउँ शिक्षा योजनाले स्थानीय आवश्यकतालाई सम्बोधन गर्न, शिक्षक अभिभावक एवम् सरोकारवालाहरूलाई उत्तरदायी बनाउन र सिकाइ उपलब्धीलाई गुणात्मक बनाउन, समायनुकूल शैक्षिक नीति र योजना बनाउन बल पुग्ने गरी शिक्षा योजनाले उपयुक्त बाटो देखाएको छ भन्ने विश्वास व्यक्त

गर्दछु । यसरी तिलाको शैक्षिक इतिहासलाई बदलेर गौरब गर्न लायक बनाउने सपनाका साथ निर्माण भएको प्रस्तुत योजनालाई सफल कार्यान्वयन गर्नका लागि निर्वाचित जनप्रतिनिधि, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता आवश्यक छ । गाउँ शिक्षा योजनाको सफल कार्यान्वयका लागि समन्वय, सहकार्य र सक्रिय सहयोगका लागि शैक्षिक सरोकारवाला लगायत आम तिलाबासी सम्पूर्णको सकारात्मक सुझाव सहित प्रतिबद्धताको समेत अपेक्षा गर्दछु । सामूहिक प्रयास र प्रभावकारी कार्यान्वयनमार्फत हाम्रो गाउँपालिकालाई सिकाइमैत्री, समावेशी तथा गुणस्तरीय शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने हाम्रो दृढ संकल्प व्यक्त गर्दछु ।

**मोतिलाल रोकाया**

**गाउँपालिका अध्यक्ष**

# हाम्रो धारणा

शिक्षा समाज विकासको आधार हो। व्यक्ति, समाज र राष्ट्रको भविष्य निर्माणको साँचो हो। शिक्षाले समाज र राष्ट्रमा समृद्धि ल्याउन सक्छ भने व्यक्तिलाई सभ्यताको पाठ पढाएर सुमार्गमा हिनाउन सक्छ। हाम्रो तिला गाउँपालिकाको समृद्धि, सुशासन र समुन्नतिको जग गुणस्तरीय, समावेशी र पहुँचयोग्य शिक्षामा निर्भर छ। हामीले तिला गाउँपालिकाको भविष्यसँग प्रत्यक्ष जोडिएको अत्यन्त महत्वपूर्ण विषय गाउँ शिक्षा योजना २०८३ निर्माण गरेका छौँ। हामीले बनाएको गाउँ शिक्षा योजना कागजमा सीमित हुने दस्तावेज मात्र होइन, आगामी पुस्ताको भविष्य निर्माण गर्ने साझा मार्गचित्र हो भन्ने लाग्छ। हामी सबैलाई थाहा छ, तिलाका खोप्री, रिपि र सुडी जस्ता कतिपय दुर्गम बस्तीका विद्यार्थीहरूले आज पनि विद्यालय पुग्न घण्टौं हिँड्नुपर्छ, लेक पार गर्नुपर्छ र कठिन भौगोलिक अवस्थासँग संघर्ष गर्नुपर्छ। यस्तो अवस्थाले धेरै बालबालिकाको नियमित पठनपाठन प्रभावित भएको छ भने कतिपयले विद्यालय नै छोड्नुपर्ने अवस्था पनि सिर्जना गरेको छ। त्यसैले दुर्गम क्षेत्रका बालबालिकाको शिक्षा सुनिश्चित गर्न आवश्यक स्थानमा आवासीय विद्यालय स्थापना तथा विस्तार गर्नु आजको आवश्यकता बनेको छ। यसलाई गाउँ शिक्षा योजनाको प्राथमिकतामा पारिएको छ।

त्यस्तै गुणस्तरीय शिक्षा भनेको विद्यालयमा उपस्थित हुनु मात्र होइन, सिकाइको उपलब्धि पनि हो। हाम्रो परीक्षा प्रणाली अझै विद्यार्थीको वास्तविक क्षमता, सिर्जनशीलता र व्यवहारिक ज्ञान मापन गर्न प्रभावकारी हुन सकेको छैन। अब निरन्तर मूल्याङ्कन, सिकाइमा आधारित मूल्याङ्कन र सुधारमुखी परीक्षा प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ। शिक्षाको गुणस्तर शिक्षकको क्षमता र प्रतिबद्धतासँग प्रत्यक्ष जोडिएको हुन्छ। त्यसैले शिक्षकहरूलाई आफ्नो पेसाप्रति अझ बढी जवाफदेही बनाउन समयानुकूल पेसागत विकासका तालिम, नवीन शिक्षण विधि, प्रविधिको प्रयोग तथा निरन्तर सिकाइका अवसर उपलब्ध गराउनुपर्छ। सक्षम, प्रेरित र जिम्मेवार शिक्षकबाट मात्र गुणस्तरीय शिक्षा सम्भव हुन्छ भन्ने मान्यतालाई प्रस्तुत योजनाले आत्मसात गरेको छ। त्यसैगरी अभिभावकको सक्रिय सहभागिताबिना विद्यालय सुधार सम्भव हुँदैन। अझै पनि कतिपय समुदायमा शिक्षाप्रतिको चेतना र जिम्मेवारी पर्याप्त रूपमा विकास हुन सकेको छैन। त्यसैले अभिभावक शिक्षा, समुदायसँगको सहकार्य र विद्यालय–अभिभावक सम्बन्धलाई अझ बलियो बनाउने कार्यक्रम सञ्चालन गर्न हाम्रो पालिका प्रतिबद्ध छ। हामीले अर्को महत्वपूर्ण विषय पनि इमानदारीपूर्वक स्वीकार गर्नुपर्छ। विद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्नु आवश्यक छ। विद्यालय राजनीतिक प्रतिस्पर्धाको थलो होइन, ज्ञान, अनुशासन र चरित्र निर्माण गर्ने पवित्र संस्था हो भन्ने विषयमा हामी र हाम्रो स्थानीय सरकार सुरुदेखि नै सजग रहेको छ। विद्यालयको सञ्चालन, शिक्षक व्यवस्थापन र शैक्षिक निर्णयहरू योग्यता, पारदर्शिता र विद्यार्थीको सर्वोत्तम हितका आधारमा हुनुपर्छ भन्ने मान्यता स्थापित गर्न हामी जोडदार रूपमा लागेका छौँ।

तिला गाउँपालिकाले हिजोदेखि नै सबै बालबालिकाले समान अवसर पाउने, सुरक्षित वातावरणमा सिक्न पाउने, गुणस्तरीय शिक्षा प्राप्त गर्ने र आफ्नो प्रतिभा विकास गर्न सक्ने शिक्षा प्रणाली निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यसका लागि स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय र

विकास साझेदार सबैको साझा प्रयासका लागि आह्वान गर्दै तिला गाउँपालिका तयार रहेको पनि जानकारी गराउँदछौँ।

अन्त्यमा, हाम्रो गाउँ शिक्षा योजना कार्यान्यिन भएमा गुणस्तरीय शिक्षा, सक्षम शिक्षक, सचेत अभिभावक, सफल विद्यार्थीका साथ उत्कृष्ट सिकाइ उपलब्धि भएको नमुना गाउँपालिका बन्ने छ भन्ने अपेक्षा गरेको छुँ। सबै सरोकारवालाको अनुभव, सुझाव र आवश्यकतामा आधारित, व्यवहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी भएको अपेक्षा गरिएको प्रस्तुत गाउँ शिक्षा योजना तिलाको समृद्धिका लागि आधार बनोस भन्ने शुभकामना व्यक्त गर्दछु। तिलालाई शिक्षित र समृद्ध नागरिकहरूको गौरबमय भूमि बनाउनका लागि प्रस्तुत शिक्षा योजनाको कार्यान्वयन गरी शिक्षालाई नयाँ उचाइमा पुऱ्याउने काममा सरोकारवाला सबैको साझा संकल्प बन्न सकोस् भन्ने अपेक्षा गर्दछु।

**गोरिकला बुढा**

**उपाध्यक्ष, तिला गाउँपालिका**

# विषय सूची

हाम्रो भनाइ ....... क

हाम्रो धारणा ....... ग

विषय सूची ....... ङ

योजनाको सारांश....... १

क) विषय प्रवेश ....... २

ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ....... ३

ग) योजना निर्माण प्रक्रिया....... ४

ग) योजनाको दस्तावेजको स्वरूप ....... ४

परिच्छेद १ ....... ६

परिचय....... ६

१.१ भौगोलिक अवस्थिति (SEARCH TO WEBSITES) ....... ६

१.२ जनसाङ्ख्यिक संरचना....... ६

१.३ सामाजिक तथा सांस्कृतिक अवस्था....... ६

१.४ आर्थिक अवस्था ....... ७

१.५ शैक्षिक अवस्था....... ८

३. शिक्षा क्षेत्रका समस्याहरू ....... १०

क) समतामूलक पहुँच र सहभागिता ....... १०

ख) गुणस्तर र सान्दर्भिकता ....... १०

ग) शिक्षक व्यवस्थापन....... १०

घ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली ....... ११

ङ) समता र समावेशीकरण ....... ११

च) विद्यालय सुशासन र व्यवस्थापन....... ११

४. अवसरहरू....... १२

परिच्छेद २ ....... १३

दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण....... १३

२.१ दूरदृष्टि ........ १३

२.२ लक्ष्य ........ १३

२.३ उद्देश्य ........ १३

२.४ रणनीतिहरु ........ १३

२.६ अपेक्षित उपलब्धि ........ १५

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ १६

**परिच्छेद ३ ........ २०**

**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ........ २०**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ २०

*३.१.१ परिचयः ........ २०*

*३.१.२ वर्तमान अवस्थाः ........ २०*

*३.१.३ उदेश्यः ........ २१*

*३.१.४ रणनीतिहरू ........ २१*

*३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ २२*

क) अपेक्षित उपलब्धिः ........ २२

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ २२

३.२ आधारभतू शिक्षा ........ २४

*३.२.१ परिचय ........ २४*

*३.२.२ वर्तमान अवस्था ........ २५*

*३.२.३ उद्देश्य ........ २६*

*३.२.४ रणनीतिहरू ........ २६*

*३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ २७*

क) उपलब्धि ........ २७

ख) प्रमुख क्रियाकलाप र लक्ष्यः ........ २७

३.३ माध्यमिक शिक्षा ........ २९

*३.३.१ परिचय ........ २९*

*३.३.२ वर्तमान अवस्था ........ ३०*

*३.३.३ उद्देश्य ........ ३०*

*३.३.४ रणनीतिहरू ........ ३१*

*३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ३१*

क) उपलब्धि ........ ३१

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ ३१

३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ ........ ३५

३.४.१ *परिचय* ........ *३५*

३.४.२ *वर्तमान अवस्था* ........ *३६*

३.४.३ *उद्देश्य* ........ *३६*

३.४.४ *रणनीतिहरू* ........ *३६*

३.४.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य* ........ *३७*

क) उपलब्धिः ........ ३७

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ३७

परिच्छेद ४ ........ **४०**

अन्तरसम्बन्धित विषय क्षेत्रहरु ........ **४०**

४.१ पाठ्यक्रम र मूल्याङ्कन ........ ४०

४.१.१ *परिचय* ........ *४०*

४.१.२ *वर्तमान अवस्था* ........ *४१*

४.१.३ *उद्देश्य* ........ *४१*

४.१.४ *रणनीतिहरू* ........ *४१*

४.१.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *४२*

क) उपलब्धिः ........ ४२

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण ........ ४२

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ४५

४.२.१ *परिचय* ........ *४५*

४.२.२ *वर्तमान अवस्था* ........ *४६*

४.२.३ *उद्देश्य* ........ *४६*

४.२.४ *रणनीतिहरू* ........ *४६*

४.२.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *४७*

क)उपलब्धिः ........ ४७

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ४७

४.३ समता र समावेशीकरण ........ ४९

४.३.१ *परिचय* ........ *४९*

४.३.२ *वर्तमान अवस्था* ........ *५०*

४.३.३ *उद्देश्य* ........ *५०*

४.३.४ *रणनीतिहरू* ........ *५०*

४.३.५ *उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *५१*

क) उपलब्धिः ........ ५१

ख) प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५१

४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ........ ५४

४.४.१ *परिचय* ........ *५४*

४.४.२ *बर्तमान अवस्था* ........ *५५*

४.४.३ *उद्देश्यहरु* ........ *५५*

४.४.४ *रणनीतिहरू* ........ *५५*

४.४.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य* ........ *५६*

क) उपलब्धिः ........ ५६

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ५६

४.५ आपतकालीन अवस्थामा शिक्षा (EIE) ........ ५८

४.५.१ *परिचय* ........ *५८*

४.५.२ *वर्तमान अवस्था* ........ *५८*

४.५.३ *उद्धेश्य* ........ *५९*

४.५.४ *रणनीति* ........ *५९*

४.५.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *६०*

क) उपलब्धीः ........ ६०

ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ६०

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ६१

४.६.१ *परिचय* ........ *६१*

४.६.२ *वर्तमान अवस्था* ........ *६२*

४.६.३ *उद्देश्य* ........ *६२*

४.६.४ *रणनीतिहरू* ........ *६२*

४.६.५ *उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य* ........ *६३*

क) उपलब्धिः ........ ६३

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ६३

४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ........ ६५

*४.७.१ परिचय* ........ *६५*

४.७.२ *वर्तमान अवस्था* ........ ६६

४.७.३ *उद्देश्य* ........ ६६

४.७.४ *रणनीतिहरू* ........ ६६

४.७.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ ६७

क) उपलब्धिः ........ ६७

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ६७

**परिच्छेद ५ ........ ६९**

**विद्यालय सुशासन तथा व्यवस्थापन ........ ६९**

५.१ संस्थागत क्षमता विकास ........ ६९

५.१.१ *परिचय* ........ ६९

५.१.२ *वर्तमान अवस्था* ........ *७०*

५.१.३ *उद्देश्य* ........ *७१*

५.१.४ *रणनीतिहरू* ........ *७१*

५.१.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *७२*

क) उपलब्धिः ........ ७२

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ........ ७२

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ७६

५.२.१ *परिचय* ........ *७६*

५.२.२ *वर्तमान अवस्थाः* ........ *७७*

५.२.३ *उद्देश्यहरुः* ........ *७७*

५.२.४ *रणनीतिहरू* ........ *७७*

५.२.५ *उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ *७८*

क) उपलब्धिः ........ ७८

ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ ७८

५.३ अनुगमन तथा मूल्याङ्कन ........ ७९

५.३.१ *परिचय* ........ *७९*

५.३.२ *वर्तमान अवस्था* ........ *८०*

५.३.३ *उद्देश्य* ........ *८०*

५.३.४ *रणनीतिहरू* ........ *८०*

*५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ............ *८१*

क) उपलब्धिः ............ ८१

ख) प्रमुख क्रियाकलाप र लक्ष्यः ............ ८१

**परिच्छेद ६ ............ ८३**

**लगानी र स्रोत व्यवस्थापन ............ ८३**

६.१ परिचय ............ ८३

६.२ वर्तमान अवस्था ............ ८३

६.३ उद्देश्य ............ ८५

६.४ रणनीतिहरू ............ ८५

६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ............ ८५

*उपलब्धिः* ............ *८५*

६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको ............ ८५

बजेट विवरण ............ ८५

**परिच्छेद ७ ............ ९०**

**कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण ............ ९०**

७.१ परिचय ............ ९०

७.२ वर्तमान अवस्था ............ ९०

७.३ उद्देश्य ............ ९२

७.४ रणनीतिहरू ............ ९२

७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ............ ९२

*क) उपलब्धिः* ............ *९२*

अनुसूचीहरु ............ **९३**

निर्णय प्रतिलिपिहरू ............ ९३

योजना निर्माणसँग सम्बन्धित प्राविधिक समितिका तस्विरहरू ............ ९५

गाउँ शिक्षा योजना निर्माण कार्यदलको नामावली ............ ९७

प्राविधिक कार्य तथा ड्राफ्ट तयारी समितिको नामावली ............ ९७

गाउँ शिक्षा योजना निर्माण उपसमितिहरू ............ ९८

**संक्षिप्त शब्दहरूको पूरा रूप ............ ९९**

# योजनाको सारांश

गाँउ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । प्रस्तुत योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई तिलाको समुन्नत शैक्षिक भविष्यसँग जोडेर अघि बढाउने विभिन्न उपायहरू सुझाएको छ । योजनाको प्रमुख उद्देश्यहरूका रूपमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय प्रशासन र व्यवस्थापनमा सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माणका विषयहरू समावेश छन् । योजना निर्माण कार्यदल, विभिन्न उपसमितिहरू र प्राविधिक समिमिहरूले विविन्न प्रक्रिया र विधि अपनाइ गाउँ शिक्षा योजना तयार पारिएको छ । निर्माण कार्यदलले निर्धारण गरेको खाका र सूचक मापदण्डका आधारमा विभिन्न उपसमितिहरूले विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकताको पहिचानलाई आधार बनाइएर तथ्याङ्क सङ्कलन गरेका छन् । सङ्कलित तथ्याङ्कलाई प्राविधिक समितिले मिहिन ढङ्गले विश्लेषण गरी योजनाको ड्राफ्ट तयार पारेर अन्तिमीकरण गरिएको छ । शैक्षणिक सुधार, सिकाइ उपलब्धि, शिक्षक कर्मचारीको पेसागत विकास, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय आवश्यकताअनुसारको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक, विद्यालयहरूको नक्साङ्कन, दरबन्दी मिलान तथा विद्यालय स्थापना र मर्जिङ, भौतिक संरचनाहरूको विकास र व्यवस्थापन, विद्यार्थी भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूहः बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदायका लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता जस्ता विषयलाई योजनाले महत्त्वका साथ समेटेको छ ।

कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ । समग्रमा प्रस्तुत शिक्षा योजनालाई स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेजको रूपमा विकास गरिएको छ । योजनाको प्रभावकारी कार्यान्वयनले शैक्षणिक सुधार, सिकाइमा उपलब्धि, सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सिप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## क) विषय प्रवेश

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक, भाषिक, धार्मिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ। यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ। स्थानीय शिक्षा योजना भनेको स्थानीय आवश्यकताका आधारमा स्थानीय स्रोत र साधनहरूको उचित प्रयोग हुनेगरी स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो।

प्रस्तुत योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गरेको छ। सङ्घीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन योजनाले सहयोग पुऱ्याउने देखिन्छ। स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ भन्ने मान्यता र मर्मलाई प्रस्तुत योजनाले आत्मसात गरेको छ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गरिएको छ। योजनाले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ भन्ने अपेक्षा गरिएको छ।

यसरी तयार पारिएको प्रस्तुत तिला गाउँपालिकाको स्थानीय शिक्षा योजनाले तिलाको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्नेछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको प्रस्तुत शिक्षा योजना मार्फत तिला गाउँपालिकाले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाबिना दिगो विकास सम्भव हुँदैन । सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य रहेको देखिन्छ ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो । देशमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थान र क्षेत्रका समस्या तथा विविधताको समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार पारिएकाले योजना औचित्यपूर्ण रहेको छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमूखी हस्तक्षेप सुनिश्चित गरेको दावी गर्न सकिन्छ ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबिचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधारहरू प्रदान गरेको छ । शिक्षा विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहजता सुनिश्चित गर्न योजना औचित्यपूर्ण हुनेछ । समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको अर्को प्रमुख औचित्य हो । बालबालिकाहरू शिक्षाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्ने प्रयत्न गरेको छ । शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । त्यस्तै  जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ । यस किसिमका आवश्यकता र अवस्थाहरूको सम्बोधनका लागि प्रस्तुत शिक्षा योजना प्रभावकारी हुने अपेक्षा

गरिएको छ। यसरी शिक्षा योजना निर्माणलाई स्थानीय आवश्यकतादेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा बुझ्न सकिन्छ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दै गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्ने भएकाले तिला गाउँपालिकाले तयार पारेको प्रस्तुत गाउँ शिक्षा योजना निर्माण आवश्यक र औचित्यपूर्ण छ।

## ग) योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको छ।

१) नेपालको संविधान,
२) सोह्रौँ आवधिक योजना,
३) स्थानीय सरकार सञ्चालन ऐन २०७४,
४) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७,
५) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच,
६) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली,
७) विद्यालय शिक्षा क्षेत्र योजना,
८) राष्ट्रिय शिक्षा नीति २०७६,
९) दिगो विकास लक्ष्य,
१०) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८,
११) स्थानीय तहको मध्यकालीन खर्च संरचना,
१२) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८,
१३) राजनीतिक दलको घोषणापत्र,
१४) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको छ।

## ग) योजनाको दस्तावेजको स्वरूप

प्रस्तुत योजनाको पहिलो परिच्छेदको परिचय खण्डभित्र तिला गाउँपालिकाको भौगोलिक स्थिति, जनसाङ्ख्यिक संरचना, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था, शैक्षिक अवस्थाका सबल पक्षहरू, शिक्षा क्षेत्रका समस्याहरू अन्तर्गत समतामूलक पहुँच र सहभागिता, गुणस्तर र सान्दर्भिकता, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, पाठ्यक्रम र मूल्याङ्कन प्रणाली, समानता र समावेशीकरण, विद्यालय सुशासन र व्यवस्थापन जस्ता उपशीर्षक र शीर्षकहरूका बारेमा उल्लेख छ। त्यस्तै अवसरहरू चुनौतीहरूका विषयमा पनि परिच्देद एकमा उल्लेख गरिएको छ। परिच्छेद दुईमा योजनाका

दूरदृष्टि, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित लक्ष्य र उपलब्धिहरू प्रस्तुत गरिएको छ। यस परिच्छेदमा दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीतिहरू उपशीर्षक र त्यससँग सम्बन्धित तालिकाहरू प्रस्तुुत गरिएको छ। परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रहरूको परिचय, तालिका सहितको वर्तमान अवस्था, उद्देश्य र रणनीतिहरू, रणनीति अनुसारका उपलब्धी तथा मुख्य क्रियाकलापहरूको तालिका र तयोजनाका खाका समावेश गरिएको छ। समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। योजनामा अन्तरसम्बन्धित विषय क्षेत्रहरूको परिचय, वर्तमान अवस्था, लक्ष्य तथा उद्देश्य, रणनीतिहरू, उपलब्धि एवम् नतिजा र क्रियाकलापहरूको तालिका प्रस्तुत गरिएको छ। समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि आदि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका विषयहरू समावेश गरिएको छ। समावेश हरेक विषय शीर्षकहरूको परिचय, वर्तमान अवस्था, लक्ष्य तथा उद्देश्य र मुख्य कार्य र उपलब्धीहरूको तालिकाहरू प्रस्तुत गरिएकको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ। त्यस्तै गरी परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ। अन्तमा अनुसूचिहरू समावेश गरिएको छ।

# परिच्छेद १

# परिचय

### १.१ भौगोलिक अवस्थिति (Search to websites)

तिला गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लामा अवस्थित छ। जुम्ला जिल्लाको निर्वाचन क्षेत्र नं. १ (ख) का सम्पूर्ण भागहरु (साविक गा.वि.स.:मालिकाठाटा घोडेमहादेव रारालिहि र कुडारी ) समेटी तिला गाउँपालिका वि.सं. २०७१ मार्ग १६ गते गठन भएको हो। जिल्लाभित्र कै दुई ओटा गाउँपालिका र बाह्य रूपमा दुई ओटा अन्य जिल्लालाई छोएको यस गाउँपालिकाको पूर्वमा तातोपानी गाउँपालिका, पश्चिममा तिलागुफा नगरपालिका (कालिकोट), उत्तरमा हिमा गाउँपालिका र सिँजा, दक्षिणमा जाजरकोट जिल्लाको सिमाना पर्दछ। ९ ओटा वडा रहेको यो गाउँपालिका २९ डिग्री ०५'४०" देखि २९ डिग्री १६'४" उत्तरी अक्षांश देखि ८१ डिग्री ५३'४०" देखि ८२ डिग्री ०३'५१' पूर्वी देशान्तरसम्म रही तिला नदिको छेउमा उत्तर दक्षिण केहि फराकिलो र पूर्व पश्चिम केही लामो प्रकृतिको आकार भई कर्णाली नदीको छत्रछायाँमा १७५.४९ वर्ग किलो मिटर क्षेत्रमा फैलिएको छ। भौगोलिक रूपमा गाउँ कार्यपालिकाको कार्यालय कर्णाली राजमार्गसँग जोडिएता पनि धैरैजसो बस्तीहरु भौगोलिक विकटताको कारण कच्ची सडकमा सिमित छन भने तल्लो खोप्री, माथिल्लो खोप्री जस्ता केहि बस्तीहरु अझैसम्म पनि सडक विस्तारको पहुँचबाट टाढा रहेका छन्। जङ्गल आसपास र नदीको छेउछामा रहेका बस्तीहरू वातावरणीय दृष्टिले महत्वपूर्ण भए पनि भौगोलिक विकटताको कारण जिवनयापनमा कठिनाइ र असहजता कायमै छ। तिला गाउँपालिकामा कृषि, पशुपालन तथा जडीबुटी को सम्भावना उच्च रहेको स्थानीय तहको रूपमा चिनिन्छ।

### १.२ जनसाङ्ख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या १६०७५ रहेको देखिन्छ। जसमा महिला ७८३४ र पुरुष ८२४१ छन्। त्यस्तै घरपरिवार परिवार सङ्ख्या २६२३ रहेको छ भने जनघनत्व ५१.५४ जना प्रति वर्ग किलोमिटर छ। लैङ्गिक अनुपात ९६.३६, वार्षिक जनसख्या वृद्दिदर १.३८ तथा साक्षरता दर ६४.५३ % रहेको छ।

### १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

धार्मिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले तिला गाउँपालिका ऐतिहासिक महत्व बोकेको क्षेत्र हो। सबै वडाका धैरै जसो स्थलहरुमा पुराना तथा परम्परागत बस्ती संरचना र परम्परागत भाषा संस्कृतिको प्रभाव रहेको छ। पालिकाभित्र विशेष गरी, ब्राहमण, क्षेत्री, दलित र केही मात्रामा आदिवाशी जनजाति समुदायको बसोबास तथा उपस्थिति रहेको छ भने क्षेत्रीहरूको बाहुल्यता देखिन्छ। ब्राह्मण, क्षेत्री, दलित लगायत विभिन्न जातजातिहरूबिचको सहअस्तित्व र एकता बलियो रहेको पाइन्छ। परम्परागत भाषा, धर्म, संस्कृति र परम्पराहरूले यहाँको सामाजिक बनावटलाई समृद्ध बनाएका छन्। धार्मिक तथा सांस्कृतिक पर्व, उत्सवहरू

जस्तै, दशैं, तिहार, विस्सुअ तथा देउता ( थान ) पुजाइ, धार्मिक यात्रा आदि सामूहिक रूपमा मनाइन्छन् । सामुहिक रूपमा मनाइने यस्ता सामाजिक तथा सांस्कृतिक पर्वहरूले सामाजमा सद्भाव र सहकार्यको भावना बलियो बनाएको पाइन्छ । परम्परागत बस्ती र न्युन बसाइसराइका कारण सांस्कृतिक सद्भाव बढ्दै गएको र सामाजिक एकता मजवुत भएको देखिन्छ ।

तिला गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक प्रभाव परम्परागत धर्म संस्कार र रीतिरिवाजमा आधारित छ भने सीमित मात्रामा क्रिश्चियन सम्प्रदायको विस्तार भइरहेको देखिन्छ । परम्परागत जीवनशैली, बहुजातीय संरचना, धार्मिक धरोहर र प्राकृतिक स्रोत साधनको प्रयाप्तता तिलाका मुख्य विशेषताहरू हुन् । तर अशिक्षा, गरिबी तथा बेरोजगारका कारण समाजमा केही असमानता जस्ता चुनौतीहरू पनि देखिन्छन् । तसर्थ समावेशी विकास नीति, सांस्कृतिक संरक्षणका कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन् । धार्मिक, सामाजिक तथा सांस्कृतिक सम्पदा, श्रमशील जनता र परम्परागत जीवनशैलीले नै तिलाको मौलिक पहिचानलाई जीवन्त राखेको छ ।

## १.४ आर्थिक अवस्था

तिला गाउँपालिका ग्रामीण क्षेत्रमा पर्ने भएकाले यसको अर्थतन्त्र मुख्यतः कृषि, पशुपालन, जडीबुटी क्षेत्रमा केन्द्रित रहेको छ । भौगोलिक विकटताको कारण घरजग्गा कारोबार, होटल तथा रेस्टुरेन्ट व्यवसाय, यातायात सेवा, निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार सन्तोषजनक रुपमा भएको छैन । त्यस्तै प्रमुख धार्मिक स्थलहरूलाई व्यवस्थित गर्दै धार्मिक पर्यटनको विकास गरेर आयस्रोतको आधार बनाउन सकिएको छैन । परम्परागत कृषि गतविधि नै कायम भएकाले अर्थतन्त्रको मुख्य आधार कृषि क्षेत्र पनि राम्रोसँग फस्टाएको देखिन्न । तिला गाउँपालिकाको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ । एकातर्फ कृषि, पशुपालन, जडीबुटी तथा व्यापारिक अवस्थाले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ भौगोलिक विकटताको कारण श्रम बजार, सिप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यमान छन् । भौगोलिक विकटता र सडक विस्तारको कमीले गर्दा केही हदसम्म आर्थिक योजना र दिगोपनामा असर पार्न सक्ने जोखिम पनि देखिन्छ । त्यसैले स्थानीय सरकारले सवै बस्ती हरुमा सडक विस्तारको पहुँच, सिपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन, बजारीकरण र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक छ । व्यवस्थित बस्ती योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न सके तिला गाउँपालिकाको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिने छ ।

यस गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा त्रिवेणी धाम, नदैगुफा, नदै मन्दिर, नुवाकोट नौ ओखल कालिका मन्दिर प्रमुख रुपमा रहेका छन् । यस क्षेत्र भएर बग्ने प्रमुख नदीहरुमा सिचाइ र उर्जा उत्पादनको स्रोतको रूपमा तिला नदी रहेको छ । त्यसैगरी मुख्य पोखरी तथा तालहरुमा दहचौर सरस्वती गहना पोखरी, गणेशपोखरी, सपना तिर्थ र स्नान कुण्ड मुख्य रुपमा रहेका छन् । स्वास्थ्य सेवाको विस्तारका रूपमा यस गाउँपालिका क्षेत्रमा १५ सैयाको हस्पिटल निर्माणाधीन अवस्थामा रहेको छ ।

### १.५ शैक्षिक अवस्था

तिला गाउँपालिकामा ग्रामीण क्षेत्र अधिक भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधार संक्रमणको चरणमा रहेको देखिन्छ। गाउँपालिकामा ३१ ओटा बालविकास केन्द्र ३१ ओटा सामुदायिक विद्यालय, १ ओटा संस्थागत विद्यालय र ४ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार मान्न सकिन्छ। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको छ। बढ्दो जनसङ्ख्या, भौगोलिक विकटता, र आर्थिक अवस्था कमजोरी जस्ता विवषयलाई सम्बोधन गर्ने गरी आवश्यक तहसम्मको विद्यालय, आवश्यक शिक्षक दरबन्दी, विद्यालय भवन, कक्षा कोठा, खेलमैदान, घेरावार, शैक्षिक सामग्री तथा प्रयोगशाला जस्ता भौतिक पूर्वाधारहरू पर्याप्त नभएको पाइन्छ। विविध किसिमका समस्या तथा चुनौतीका बाबजुद पनि गाउँपालिकाले आफ्नो शिक्षा नीतिमा भर्ना दर शतप्रतिशत पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ। विशेष गरी विज्ञान, गणित र अङ्ग्रेजी जस्ता विषयमा शिक्षक दरबन्दी कम रहेका कारणले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रमहरूमा सकारात्मक पहल भएता पनि त्यसको प्रभावकारिता विद्यालयस्तरमा देखिनका लागि निरन्तर अनुगमन आवश्यक छ। विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालयमा कहिल्यै नजाने वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित भएको हुन सक्छ। "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवाखाजा तथा पोसाक, प्रविधिमैत्री सिकाइ कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता विकास, नियमित मूल्याङ्कन प्रणाली र प्रविधिको उपयोग जस्ता विषयमा कार्ययोजना सहित अघि बढ्नुपर्ने देखिन्छ।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबिचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो। वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले विद्यालयको शैक्षिक वातावरण सुधारको संकेत गर्दछ। सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ। शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना लिन सक्यो भने

सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

**२. सबल पक्षहरु**

तिला गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याउने प्रयत्न गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यस्ता कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुर्‍याएका छन्। विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ। वार्षिक रुपमा शैक्षिक पात्रो प्रकाशन, शैक्षिक रेडियो बहस तथा सचेतना मुलक कार्यक्रमले विद्यालयलाई सिकाइअनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कक्षाकोठाको शिक्षण सिकाइ अभिवृद्धिमा विशेष ध्यान दिइएको छ। ट्राफिक सचेतना तथा साइवर क्राइम सम्बन्धि विद्यार्थी अभिमुखिकरण कार्यक्रमको निरन्तरताले विद्यार्थीमा सचेतनाको विकास गरेको छ। यस किसिमका गतिविधिले समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ। अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने नीतिलाई अङ्गीकार गरिएको छ। यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सिप विकास कार्यक्रम सञ्चालन गर्ने अभ्यास थालिएको छ। विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधार ल्याउने विषयमा ध्यान दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाउने योजना बनाइएको छ।

समग्रमा तिला गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको छ। यदि यस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ। तिला गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको छ। स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य

बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

तिला गाउँपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

### क) समतामूलक पहुँच र सहभागिता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले समुदाय र विद्यालय बिचको समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

### ख) गुणस्तर र सान्दर्भिकता

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धानको संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ भने यसले शैक्षिक गुणस्तर र सिकाइको सान्दर्भिकतालाई पुष्टि हुन सक्दैन। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकास तथा निर्माण भएतापनि पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको निर्माण एवम् विकास हुन नसक्दा स्थानीय विषयवस्तुको सान्दर्भिकतालाई पुष्टि गर्न असहजता पैदा भएको छ। यसले जीवनोपयोगी सिप विकासमा चुनौती सिर्जना गरेको छ।

### ग) शिक्षक व्यवस्थापन

तिला गाउँपालिकामा विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैनन्। विशेषगरी विज्ञान, गणित र अङ्ग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको पेशागत विकास, प्रविधि मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र शिक्षक नियुक्ति प्रक्रियामा हुने विवादले पेशागत स्थायित्व र शिक्षकको मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

### घ) भौतिक पूर्वाधार

अधिकांश विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। मावि घोडे लगायतका कतिपय विद्यालयका भवनहरू

जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड, उच्च गतिको इन्टरनेट सुविधाको अप्रयाप्तता र खेलमैदानको अभाव आदि अधिकांश सामुदायिक विद्यालयका समस्याहरू हुन। यस प्रकारका समस्याहरूले डिजिटल शिक्षण सिकाइ प्रक्रियालाई सहज र प्रयाप्त बनाउन सकेको छैन।

**घ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण भएको तर पाठ्यपुस्तक निर्माणमा ढिलाइ भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र पृष्ठपोषण प्रणाली पर्याप्त हुन सकेको छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र समालोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

**ङ) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक देखिन्छ। लैङ्गिक साक्षरता, अन्तर सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र तालिमप्राप्त शिक्षक आदिको अपर्याप्तताले समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्ने देखिन्छ।

**च) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त दुरूस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र शैक्षिक क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र उपलब्धिमूलक बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा तिला गाउँपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

### ४. अवसरहरू

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ । यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल सिकाइमा सहजता हुने अपेक्षा गरिएको छ । अनलाइन सामग्री र शिक्षक विद्यार्थी समन्वयमा सकात्मक प्रभाव देखिएको छ । स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षाबाट केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीलाई सम्बोधन गर्ने सकिने देखिन्छ । त्यस्तै स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकेमा विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षालाई जोड्ने सकिने देखिन्छ । साथै वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ । यसप्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले तिला गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ ।

### ५. चुनौतीहरू

तिला गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ । लैङ्गिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ । जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्मदर, बसाइँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरणामा चुनौती देखिएको छ । जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ । विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती खडा भएको छ । दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउने भएकाले विपत्का अवस्थाहरू जस्तैः बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ ।

जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ । सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी मापडण्डअनुसारको विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ ।  जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ । यसप्रकारका सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा तिला गाउँपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ ।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"समावेसी, समतामुलक, प्रविधिमैत्री, गुणस्तरीय आधुनिक शिक्षामा विस्तार : समृद्ध तिलाको मूल आधार"

## २.२ लक्ष्य

समावेशी पहुँचसहित गुणस्तरीय, सिपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकासमार्फत स्थानीय आवश्यकता र राष्ट्रिय-अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिकवान र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने,

## २.३ उद्देश्य

१) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२) सबै बालबालिकाको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकता सुनिश्चित गर्नु,
३) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,
४) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,
५) शिक्षण सिकाइलाई वैज्ञानिक / आधुनिक प्रविधिको उपयोग गर्दै सिकारुमैत्री बनाउनु

## २.४ रणनीतिहरु

| | |
|---|---|
| **उद्देश्य १ सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता र सुनिश्चित गर्नु**<br>**रणनीतिहरू:**<br>१) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,<br>२) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना, घरदैलो अभियान" सञ्चालन गर्ने,<br>३) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने,<br>४) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार छात्रावासको व्यवस्था गर्ने,<br>५) तिला गाउँपालिकाभित्रका बिकट वडाहरू वडा नं ६, ८ र ९ का विद्यार्थीहरू लाई पायक पर्ने स्थानमा आवाशीय विद्यालयको व्वस्था गर्ने,<br>६) तिला गाउँपालिका साविकको कुडारी तथा रारालिही गाविस केन्द्र र मालिकाठाँटा र घोडेमहादेव केन्द्र हुने गरी दुईओटा आधुनिक खेलमैदानको निर्माण गर्ने, | |

७) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,
८) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने,
९) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने,
१०) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने
११) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु

**उद्देश्य २ सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,**
**रणनीतिहरू:**

१) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने,
२) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने, प्रत्येक विद्यालयलाई स्मार्ट बोर्ड र प्रति शिक्षक ल्याप्टपको व्यवस्था गर्ने,
३) शिक्षाको गुणस्तर कायम गर्न नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने,
४) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, स्थानीय संस्कृति, स्थानीय स्रोत साधन र जीवनोपयोगी सिपसँग मेल खाने गरी अनुकूल बनाउने,
५) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने,
६) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने,
७) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, AI को प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने,
८) नियमित मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने,
९) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने ।

**उद्देश्य ३ औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि अनौपचारिक, खुला र वैकल्पिक निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु**
**रणनीतिहरु**

१) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजनका माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने
२) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने
३) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने
४) पालिकास्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

५) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने
६) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने
७) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

**उद्देश्य ४ विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु,**

**रणनीतिहरू**

१) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने,
२) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने,
३) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र कार्यक्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने
४) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने,
५) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने
६) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने,
७) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने,
८) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने,
९) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागू गर्ने,
१०) गाउँपालिकाभरी रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने
११) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने

## २.६ अपेक्षित उपलब्धि

१) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,
२) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,
३) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ
४) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | आधार वर्ष | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | | २०८२ | | | | | |
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७२.३ | ७८ | ८० | ८५ | ९५ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ९१.७ | ९२ | ९४ | ९६ | ९८ | १०० |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ६१.२ | ७० | ७५ | ८५ | ९५ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १५२.९ | १४५.५ | १३०.५ | ११५ | १०५ | १०० |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९२.६७ | ९३ | ९५ | ९७ | ९८ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२०.४३ | ११७ | १०९ | १०७ | १०५ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ९६.० | ९७ | ९८ | ९८ | ९९ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १०४ | १०३ | १०२ | १०० | ९८ | ९५ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ७८.२७ | ८० | ८२ | ८५ | ८८ | ९० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८१.० | ८३ | ८५ | ८७ | ८९ | ९१ |
| २.९ | आधारभूत तहमा  (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ७.६९ | ६ | ५ | ४ | ३ | २ |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.०६ | १.० | ०.८९ | ०.७४ | ०.६८ | ०.६२ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९३.०३ | ९४ | ९५ | ९६ | ९७ | ९८ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११७.६१ | ११२ | १०९ | १०५ | १०४ | १०० |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७५.२ | ७७ | ७९ | ८२ | ८६ | ९० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ७८.31 | ८१ | ८३ | ८४ | ८५ | ८८ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०२ | ०.९६ | ०.८२ | ०.७४ | ०.६८ | ०.६२ |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | २१ जना | १५ | १३ | ८ | ५ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | १६ जना | १८ | २२ | २५ | २८ | ३० |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ८२.६९ | ८४ | ८७ | ८९ | ९१ | ९३ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८९.९६ | ९२ | ९४ | ९६ | ९८ | १०० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | १.०८ | १.० | ०.९९ | ०.९५ | ०.९२ | ०.८७ |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ९५.६९ | ९६.९८ | ९७.०५ | ९७.८८ | ९८.३५ | ९८.८७ |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ६६.१ | ६८ | ७२ | ७५ | ७७ | ८० |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ४२ .६ | ४५ | ४८ | ५३ | ५६ | ६७ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | ४ | ५ | ७ | ८ | ९ | १० |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | ९५.४ | ९६ | ९६ | ९७ | ९८ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ९६.०२ | ९६ | ९६.५१ | ९६.७८ | ९८ | १०० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९७.३१ | ९७.५१ | ९७.७८ | ९८.४४ | ९९.०१ | १०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | ०.८० | ०.७९ | ०.७७ | ०.७३ | ०.७० | ०.७७ |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२५ | १:२७ | १:३० | १:३२ | १:३४ | १:३५ |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:३३ | १:३४ | १:३५ | १:३६ | १:३७ | १:३८ |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२७ | १:३० | १:३२ | १:३३ | १:३४ | १:३५ |
| ५.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १:२५ | १:२७ | १:२८ | १:३० | १:३२ | १:३५ |
| ५.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | १:३१ | १:३२ | १:३३ | १:३४ | १:३५ | १:३५ |

# परिच्छेद ३

# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधान २०७२ को धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक र सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यस किसिमका विषयवस्तुहरूलाई मध्यनजर गर्दै तिला पालिकाले निर्माण गरेको प्रस्तुत शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित, पहुँचयोग्य, सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

तिला गाउँपालिकामा हाल जम्मा ३१ ओटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमा सामुदायिक तर्फ ३१ र संस्थागत विद्यालयतर्फ १ केन्द्र रहेका छन्। शैक्षिक सत्र २०८२ मा तिला गाउँपालिकाभित्र रहेका बालविकास केन्द्रहरूमा कुल ७०५ जना बालबालिका अध्ययनरत रहेका छन् जसमध्ये ३७२ जना छात्र र ३३३ जना छात्रा रहेका छन्। यस उमेर समूहको अनुमानित कुल सङ्ख्या ७६७ रहेको आधारमा सहजै देखिने भर्नादर ९१.९१ प्रतिशत रहेको देखिन्छ, जसले पहुँच विस्तार भएको संकेत गरे पनि शतप्रतिशत लक्ष्य अझै हासिल हुन बाँकी रहेको देखिन्छ।

बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको सङ्ख्या ५३१ रहेको छ। यसमध्ये एक वर्षको बालविकास अनुभवसहित कक्षा १ मा जाने बालबालिकाको ७५.३१ प्रतिशत रहेको छ। अनुभवसहित कक्षा १ मा प्रवेश गरेका बालबालिकाको सिकाइ उपलब्धि र कक्षागत अनुकूलन क्षमता तुलनात्मक रूपमा राम्रो देखिएको छ। जसले बालविकास कार्यक्रमको प्रभावकारिता पुष्टि गर्दछ। बालविकासका न्यूनतम सक्षमता मापदण्ड पूरा गरेका संस्थागत विद्यालयको सङ्ख्या १ रहेको छ। जुन कुल संस्थागत विद्यालयको शत प्रतिशत हो। न्यूनतम सक्षमता अन्तर्गत सुरक्षित कक्षाकोठा, खेलमैत्री सिकाइ सामग्री, प्रशिक्षित सहजकर्ता, बालमैत्री शौचालय र सुरक्षित खानेपानी जस्ता सूचकहरू समावेश गरिएका छन्। हाल यी मापदण्ड पूर्ण रूपमा कार्यान्वयन भएका केन्द्रहरूको अनुपात सीमित रहेको देखिएकाले गुणस्तर सुधारका लागि थप लगानी र अनुगमन आवश्यक देखिन्छ।

समग्रमा हेर्दा तिला गाउँपालिकामा प्रारम्भिक बालविकासको पहुँच विस्तार सन्तोषजनक देखिए पनि गुणस्तर, समावेशिता र न्यूनतम सक्षमता सुनिश्चिततामा अझै रणनीतिक कार्ययोजना र त्यसको कार्यान्वयन आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३१ | ३०५ | २७२ | ५७७ | ४६ | ६१ | १०७ | ४ | २ | ६ |
| संस्थागत | १ | ६७ | ६१ | १२८ | १३ | १९ | ३२ | ० | ० | ० |
| जम्मा | ३२ | ३७२ | ३३३ | ७०५ | ५९ | ८० | १३९ | ४ | २ | ६ |

**स्रोत** : शैक्षिक सत्र २०८२ को फ्ल्यास रिपोर्ट

तिला गाउँपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ। यसले ५ वर्ष मुनिका बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ। गाउँपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ। यस कसिमको नीतिले बालबालिकाको सिकाइको निरन्तरता, पहुँच र गुणस्तरको सुनिश्चितता गर्दछ। हाल तिला गाउँपालिकामा बाल विकास केन्द्रहरूमा भौतिक र शैक्षिक पूर्वाधारको कमी देखिएको छ। धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य–दृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ। यद्यपि गाउँपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ।

**३.१.३ उदेश्यः**

१) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु,

२) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु,

३) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु,

**३.१.४ रणनीतिहरू**

१) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

२) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने,
३) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने,
४) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन,
५) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
६) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
७) ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
८) कार्यरत जनशक्तिको उचित सेवा सुविधा, वृत्ति विकास तथा क्षमता विकास सम्बन्धी कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने,
९) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकूल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,
१०) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

**३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

***क) अपेक्षित उपलब्धि:***

तिला गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ । यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ । सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन् । जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण***

| क्र स | क्रियाकलाप विस्तृतीकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | विद्यालय सख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| २ | बालबालिकाको अभिलेखीकरण गर्ने, | पटक | १ | १ | १ | १ | १ | १ | |
| ३ | बालविकस केन्द्रका सहजकर्ताका लागि क्षमताविकास कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | |
| ४ | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने, | पटक | | २ | २ | २ | २ | २ | |
| ५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | पाठ्यक्रम प्रबोधीकरण गर्ने, | पटक | | १ | | १ | | १ | |
| ७ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने, | | | | १ | | १ | १ | |
| ८ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने, | पटक | | २ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | अभिभावक शिक्षा | पटक | | १ | १ | १ | १ | १ | |
| १० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | प्रारम्भिक वालविकास सहजकर्ताहरूको सेवा तथा सुविधामा वृद्धी गर्ने | | | समय अनुसार | समय अनुसार | समय अनुसार | समय अनुसार | समय अनुसार | |
| १२ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | पटक | | १ | १ | १ | १ | १ | |
| १३ | बालविकास कक्षाका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | प्रारम्भिक बालविकास कक्षाको स्तरोन्नति, विकास, व्यवस्थापन र सामग्रीको लागि विद्यालयलाई अनुदान | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सिपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। ऐनले अभिभावकलाई बालबालिकाहरू विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक

पूर्वाधार, शिक्षक र स्रोत साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनहरूले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

तिला गाउँपालिकाका शैक्षिक सत्र २०८२ को शैक्षिक तथ्याङ्कअनुसार सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा विद्यार्थी सङ्ख्या २९९४, सबै प्रकारका गरी जम्मा शिक्षक दरबन्दी १०८ र शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको देखिन्छ। कूल विद्यार्थीमध्ये दलित ५१०, जनजाति ९ र अपाङ्गता भएका बालबालिका १५ रहेका छन्। विद्यालयहरूको भौतिक पूर्वाधार जस्तैः कक्षा कोठा , शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त देखिँदैन। यस्ता चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यअनुसार भौतिक व्यवस्थापनमा सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ।

संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा विद्यार्थी सङ्ख्या ६४, शिक्षक दरबन्दी ५ र शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको देखिन्छ। उक्त संस्थागत विद्यालयमा दलित १०, जनजाति १ र अपाङ्गता भएका बालबालिका १ लाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान रहेको पाइएको छ। विद्यालयको भौतिक पूर्वाधार जस्तैः कक्षा कोठा शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि संस्थागत विद्यालयमा पर्याप्त नभएको पाइयो। यस्ता कमजोरीहरूको सुधार, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ।

**तालिका २**

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३१ | १४६४ | १५३० | २९९४ | २६७ | २४३ | ५१० | ७ | ८ | १५ |
| संस्थागत | १ | ३७ | २७ | ६४ | १ | ९ | १० | ० | ० | ० |
| जम्मा | ३२ | १५०० | १५५७ | ३०५८ | २६८ | २५२ | ५२० | ७ | ९ | १५ |

**स्रोत** : शैक्षिक सत्र २०८२ को फ्ल्यास रिपोर्ट

तिला गाउँपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ। तिला गाउँपालिकामा केही बालबालिका अझै विद्यालय बाहिर रहेका छन्। सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, अपाङ्गमैत्री शौचालय, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको देखिन्छ।

**३.२.३ उद्देश्य**

१) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु,

२) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु,

३) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु।

**३.२.४ रणनीतिहरू**

१) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने

२) विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने

३) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने

४) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने

५) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको स्थापना र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने

६) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने

७) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी विद्यालयहरूलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने

८) शिक्षण–सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलापमा आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने

९) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

१०) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

११) मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने

१२) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

१३) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने

१४) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने
१५) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने
१६) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने
१७) आवश्यक शिक्षक तालिम, उत्प्रेरणा तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
१८) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने
१९) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने
२०) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
२१) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
२२) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने
२३) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने
२४) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने
२५) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने
२६) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक–सांस्कृतिक विविधताको सम्मान गर्ने
२७) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
२८) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

**३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि***

तिला गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ। नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ९८ प्रतिशत पुगेको हुनेछ। जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

*ख) **प्रमुख क्रियाकलाप र लक्ष्य**:*

| | क्रियाकलाप विस्तृतीकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|---|

| क्र स | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन:आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | (कक्षा १-५) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | (कक्षा ६-८) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ। माध्यमिक तहको शिक्षा दक्ष मानव संसाधन उत्पादन गरी सिपमूलक नागरिकको विकास तथा उच्च शिक्षा तयारीको आधार पनि हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको पाइन्छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत

मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

**३.३.२ वर्तमान अवस्था**

तिला गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको विश्लेषण गर्दा २०८२ मा विद्यार्थी सङ्ख्या १२०१, शिक्षक दरबन्दी ४१ र शिक्षक–विद्यार्थी अनुपात १:२९ रहेको देखिन्छ। विद्यार्थीमध्ये दलित १५६, जनजाति ४ र अपाङ्गता भएका बालबालिका २ रहेका छन्। विद्यालय पूर्वाधार जस्तैः कक्षा कोठा शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि पर्याप्त छैनन्। विद्यालयमा पूर्वाधारहरूको अभाव जस्ता चुनौतीहरूले गुणस्तरीय शिक्षा र समावेशी शैक्षिक वातावरणको सुनिश्चिततामा प्रभाव पार्न सक्छ। तथ्यानुसार सुधार, स्रोत व्यवस्थापन र शिक्षक तालिमको आवश्यकता देखिन्छ। माध्यमिक तहसम्म संस्थागत विद्यालय तिला गाउँपालिकामा नरहेको अवस्था छ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ८ | ५७१ | ६३० | १२०१ | ७२ | ८४ | १५६ | १ | १ | २ |
| संस्थागत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ८ | ५७१ | ६३० | १२०१ | ७२ | ८४ | १५६ | १ | १ | २ |

**स्रोत** : शैक्षिक सत्र २०८२ को फ्ल्यास रिपोर्ट

नेपालको सङ्घीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको छ। तिला गाउँपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान, जिम्मेवार, वैज्ञानिक सोच भएका, तिलाको विकास र राष्ट्र निर्माणमा योगदान दिन सक्ने र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। यसरी माध्यमिक शिक्षालाई तिला गाउँपालिकाले तिलाको विकास र मानव संसाधनको विकाससँग जोडेर परिभाषित गरेपनि वर्तमान अवस्थामा गाउँपालिकाको साक्षरता दर सुधारउन्मुख भएको तर पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको देखिन्छ। यसैगरी विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा अपर्याप्त रहेको छ।

**३.३.३ उद्देश्य**

१) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,

३) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,

**३.३.४ रणनीतिहरू**

१) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी माध्यमिक विद्यालयहरूलाई सुदृढ र व्यवस्थित रूपमा सञ्चान गर्ने,

२) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको समायोजन तथा आवश्यकताअनुसार नयाँ विद्यालयको स्थापना गर्ने,

३) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,

४) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,

५) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने,

६) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

७) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,

८) माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने,

९) शिक्षक पेसागत विकास तथा शिक्षण साहायताको व्यवस्था गर्ने,

१०) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने,

११) शिक्षण सिकाइ विधि, प्रक्रिया र पद्धतिमा सुधार गर्ने,

१२) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,

१३) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने,

१४) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने,

१५) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने,

१६) सफल तथा प्रेरणादयी व्यक्तिहरूसँग अन्तरक्रिया तथा अनुभव आदानप्रदानका कार्यक्रम सञ्चालन गर्ने,

१७) सक्षम, जिम्मेवार, उर्जाशील, नेतृत्वदायी र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने,

१८) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने,

**३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि***

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ। यसअन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्। जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, सामाजिक, शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा योगदान पुऱ्याउनेछ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण***

| | | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | |
|---|---|---|---|---|---|

| क्र स | क्रियाकलायको विस्तृतिकरण | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ३ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ४ | प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ५ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ८ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ९ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १० | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ११ | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विपन्न र लक्षित समूहका लागि निःशुल्क शिक्षा र विशेष छात्रवृत्ति उपलब्ध गराउने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १४ | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य–दृश्य सामग्री प्रयोग विस्तार गर्ने | वटा | | १५ | १६ | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १५ | किशोर–किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १६ | सदाचार, अनुशासन, करुणा र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १७ | विद्यालय समायोजन र दरबन्दी मिलान  गरी पहुँच सुधार गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १८ | विद्यालयमा न्यूनतम सिकाइ वातावरण र समावेशी पूर्वाधार सुनिश्चित गर्ने | पटक | | १ | १ | १ | १ | १ | |
| १९ | शिक्षक दरबन्दी व्यवस्थापन, पेसागत विकास र अभिप्रेरणा कार्यक्रम सञ्चालन गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २० | सिकाइ उपलब्धि मापन र आवधिक मूल्याङ्कन प्रणाली लागू गर्ने | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | विद्यालय शिक्षालाई प्रकोप, संकट र महामारीजस्ता अवस्थाप्रति उत्थानशील बनाउने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २२ | विद्यार्थीलाई पोषण, स्वास्थ्य र मनोसामाजिक सहयोग उपलब्ध गराउने | पटक | | | १ | | १ | १ | |
| २३ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम | पटक | | १ | १ | | १ | १ | |
| २४ | विज्ञान प्रदर्शनी कार्यक्रम | पटक | | | १ | | १ | १ | |
| २५ | वादविवाद, हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | |
| २६ | निबन्ध र कविता लेखन प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | |
| २७ | STEAM Education सञ्चालन तथा व्यवस्थापन | | | १ | १ | १ | १ | १ | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र क्षमताको विकास गर्न, जीवनप्रयन्त अर्थात आजीवन सिकाइ प्रणालीलाई अनौपचारिक शिक्षा भनिन्छ। अनौपचारिक शिक्षा त्यस्तो सिकाइ केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको

बारेमा छलफल र समाधानका उपायहरू खोजी कार्यान्वयनको अभ्यास गर्दछन् । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका सार्वजानिक हितमूलक समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्य जस्ता नागरिकले शिक्षा पाउने हक सम्बन्धी अधिकारको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक हुन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न औपचारिक शिक्षबाट वञ्चित तथा सबै प्रकारका विशेष क्षमता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने लक्ष्य निर्धारण गरेको छ ।

**३.४.२ वर्तमान अवस्था**

तिला गाउँपालिकामा १५ देखि ६० वर्षसम्मका विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसङ्ख्यामा कुल साक्षरता ८३ प्रतिशतभन्दा माथि पुगेको देखिन्छ । वर्तमान अवस्थामा गाउँपालिकामा ४ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन् । विभिन्न कारणले औपचारिक शिक्षाको पहुँचबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ । सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ । औपचारिक शिक्षाबाट बाहिर रहेका नागरिकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ ।

**३.४.३ उद्देश्य**

१) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्यमबाट जीवनोपयोगी, सिपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु
२) सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,
३) औपचारिक, अनौपचारिक तथा अतिरिक्त माध्यमबाट प्राप्त ज्ञान र सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु ।

**३.४.४ रणनीतिहरू**

१) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसङ्ख्याको पहिचान र अभिलेखीकरण गर्ने

२) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने

३) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी पालिकास्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने

४) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने

५) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने

६) सङ्घीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने

७) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सिपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने

८) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

९) समुदायमा रहेका परम्परागत ज्ञान तथा सिपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने

१०) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने

११) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने

#### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***क) उपलब्धिः***

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

***ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | सामुदायिक सिकाइ केन्द्र र पुस्तकालयको लागि विभिन्न विधाका पुस्तक खरिद तथा वितरण | ४ | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २ | अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम संचालन | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ४ | अनौपचारिक शिक्षाको एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ५ | सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थापन अनुदान र क्षमता अभिवृद्धि प्रदान गर्ने | पटक | | | १ | | १ | १ | |
| ६ | सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधि सुविधा उपलब्ध गराउने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | आवश्यकता अनुसार जीवनोपयोगी र सीपमूलक पाठ्यक्रम सञ्चालन गर्ने | पटक | | | १ | | १ | १ | |
| ८ | तह १ र २ को सिकाइको प्रमाणीकरण गर्ने | पटक | | | १ | | १ | १ | |
| ९ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | पटक | | | १ | | १ | १ | |
| १० | खुला तथा दूर शिक्षामा सहजीकरण गर्ने | पटक | | | १ | | १ | १ | |
| ११ | परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण गर्ने | पटक | | | १ | | १ | १ | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यमान संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा ऐन तथा सम्बन्धित नियम निर्देशनले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रमुख माध्यमका रूपमा लिएको छ। उल्लेखित कानुनी प्रावधानअनुसार पाठ्यक्रमले विद्यार्थीको सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक र जीवनोपयोगी सिप विकास गर्नुका साथै शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गर्ने लक्ष्य लिएको छ। त्यसैगरी मूल्याङ्कन प्रणालीले सिकाइ उपलब्धि, दक्षता र सिकाइ प्रक्रियामा विद्यार्थीको सिकाइ उपलब्धि, व्यवहार, सिप तथा दक्षताको मापन गर्ने व्यवस्था उल्लेख छ। यसले शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय लगायत सरोकारवालाहरूलाई पनि जिम्मेवार बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तर सुधारको वातावरण सिर्जना गर्ने कार्य गर्दछ।

नेपालमा वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामार्फत सर्वप्रथम विद्यालय तहको आवश्यक जग निर्माण गर्नुका साथै पाठ्यक्रमलाई दस्तावेजीकरण गर्ने काम भएको थियो। पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यकम विकास केन्द्रको संरचनात्मक विकास र त्यसको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, परिमार्जन, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको देखिन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरिएको पाइन्छ । यसै क्रममा वि.सं.२०७६ सालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ। विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम २०७१ तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को मर्म र भावनाअनुसार स्थानीय आवश्यतालाई सम्बोधन गर्न र पाठ्यक्रम निर्माणमा स्थानीय विज्ञहरूको संलग्नता गर्ने व्यवस्थाका आधारमा आधारभूत तह कक्षा १-५ र ६-८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्ययवस्थाअनुरूप तिला गाउँपालिकाले 'तिलाको पहिचान र हाम्रो गौरव' नामक स्थानीय पाठ्यक्रम २०८० निर्माण गरी कार्यान्वयन गरेको छ।

**४.१.२ वर्तमान अवस्था**

तिला गाउँपालिका जुम्लाले हाल स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको नीतिगत व्यवस्थालाई आत्मसात गर्दै स्थानीय आवश्यकता, भाषा, कला, संस्कृति, र सिप समेटेर 'तिलाको पहिचान र हाम्रो गौरव' नामक स्थानीय पाठ्यक्रम २०८० निर्माण गरी कार्यान्वयन गरिरहेको छ। त्यसका साथै पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने माध्यमका रूपमा विकास गर्नका लागि प्रयास गरिरहेको छ। पालिकाले निर्माण गरेको उक्त पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गरी समयसापेक्ष बनाउने लक्ष्य राखेको छ। जसबाट विद्यार्थीको जीवनोपयोगी सिप, नैतिक शिक्षा, स्थानीय कला संस्कृतिको ज्ञान, स्थानीय स्रोत र साधनको पहिचान, धार्मिक सांस्कृतिक सम्पदा र परम्पराको संरक्षण र जगेर्ना गर्ने भावनाको विकास गर्न, अनुशासन र समाजसेवाको भावना जागृत गर्ने जस्ता विशेषताहरू पाठ्यक्रमसँग जोडिनेछ।

मूल्याङ्कन र परीक्षा प्रणालीमा परम्परागत, केवल सैद्धान्तिक मूल्याङ्कनमा निर्भर अभ्यासलाई सुधार गर्दै वैज्ञानिक, व्यवस्थित र नतिजामूखी बनाउने प्रयास भइरहेको छ। आधारभूत र माध्यमिक तहका प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू विकास गर्ने रणनीति लिइएको छ। शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षाको परिणामसँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशेष मूल्याङ्कन गर्ने तथा प्रयोगात्मक अभ्यास र इन्टर्नसिप समेत मूल्याङ्कनमा समावेश गर्ने व्यवस्था विकास भइरहेको छ। गाउँपालिकाले मूल्याङ्कन र अनुगमनलाई चुस्त बनाउन स्थानीय संयन्त्र निर्माण गर्ने र भविष्यमा माध्यमिक तहसम्मको परीक्षा स्थानीय तहबाट सञ्चालन गर्न पूर्वाधार र जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यसरी तिला गाउँपालिका पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई स्थानीय परिवेश अनुकूल, समावेशी, गुणस्तरीय र नतिजामूखी बनाउन अग्रसर रहेको रहेको छ।

**४.१.३ उद्देश्य**

१) विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
२) स्थानीय पाठ्यक्रमको कार्यान्वयन गर्नु
३) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु

**४.१.४ रणनीतिहरू**

१) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
२) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सफल कार्यान्यनका लागि विद्यालय र समुदायलाई जिम्मेवार बनाइ सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने,
३) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
४) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि वैकल्पिक पाठ्यक्रम तथा पाठ्यपुस्तकको तयारी गर्ने,

५) शिक्षकका लागि शिक्षक निर्देशिका, विशिष्टीकरण तालिका, स्वअध्ययन सामग्री लगायत अन्य स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, वैकल्पिक सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरू सहजै उपलब्ध हुने व्यवस्था गर्ने,

६) शिक्षकको पेसागत सक्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

७) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,

८) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,

९) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,

१०) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,

११) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको वातावरण सृजना गर्ने,

१२) स्थानीय पाठ्यपुस्तकको विकास एवमं कार्यान्यन गर्ने,

१३) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

***क) उपलब्धि:***

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुनेछन्।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | पाठ्क्रम अभिमुखिकरण | पटक | | १ | १ | १ | १ | १ | |
| २ | शिक्षक तालिम र पुनर्ताजगि तालिम | पटक | | १ | १ | १ | १ | १ | |
| ३ | शिक्षक पेसागत सहयोग | पटक | | १ | १ | १ | १ | १ | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | आवधिक मूल्यांकन | पटक | | १ | १ | १ | १ | १ | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | सूचना प्रविधिको प्रयोग | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | पटक | | १ | १ | १ | १ | १ | |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १० | सुपरिवेक्षण तथा अनुगमन | पटक | | ३ | ३ | ३ | ३ | ३ | |
| ११ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | पटक | | १ | १ | १ | १ | १ | |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १३ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामग्रीको उपलब्धता | | | | | | | | |
| १४ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको अभिमुखिकरण | पटक | | १ | १ | १ | १ | १ | |
| १५ | पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक क्षमता अभिवृद्धि तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | |
| १६ | सिकाइ उपलब्धि मापन तथा विश्लेषण प्रणाली सुदृढीकरण। | पटक | | १ | १ | १ | १ | १ | |
| १७ | निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) प्रभावकारी कार्यान्वयन | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १८ | प्रविधिमा आधारित (डिजिटल) मूल्याङ्कन प्रणालीको प्रवर्द्धन। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १९ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | पाठ्यपुस्तक तथा सहायक शिक्षण सामग्रीको प्रभावकारी उपयोग सुनिश्चित | पटक | | १ | १ | १ | १ | १ | | |
| २१ | विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | पटक | | १ | १ | १ | १ | १ | | |
| २२ | परीक्षा नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | | | पटक | | १ | १ | १ | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन  र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारमा शिक्षक व्यवस्थापन र विकासको भूमिका निर्णायक हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइ तथा आफ्नो जिम्मेवारीप्रति जवाफदेही हुनु आवश्यक छ। शिक्षकको विषयगत ज्ञान, प्रविधिको प्रयोग तथा शिक्षण सिकाइमा दक्षता र नमुना व्यवहारले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यसका लागि शिक्षकको पेसागत विकास सुनिश्चित गर्दै विद्यालयमा शिक्षकहरूको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक छ। शिक्षक व्यवस्थापन तथा पेसागत विकासका सन्दर्भमा यस तिला गाउँपालिकामा प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात विद्यार्थी सङ्ख्याको आधारमा, निम्नमाध्यमिक तह र माध्यमिक तहमा विषयगत मापदण्डअनुसार कायम गर्ने प्रयन्त गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि, तालिम, कार्यशाला, अवलोकन भ्रमण, सिकाइ सञ्जाल मेन्टरिङ तथा प्रविधिको प्रयोगमार्फत शिक्षक पेसालाई रोजाइको पेसा बनाउने प्रयास गाउँपालिकाले गर्दै आएको छ। यसरी शिक्षक व्यवस्थापन र विकासले शिक्षाको गुणस्तर वृद्धि गर्ने, शिक्षकलाई जिम्मेवार बनाउने र कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रवाह सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

**४.२.२ वर्तमान अवस्था**

तिला गाउँपालिकाभित्रका अधिकांश विद्यालयहरूमा विषयगत शिक्षकहरूको दरबन्दी पर्याप्त नभएको देखिन्छ। विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्नु अहिले टड्कारो आवश्यकता छ। त्यस्तै हाल कार्यरत शिक्षकहरूका लागि नवीनतम् शिक्षण पद्धति, सूचना प्रविधि र बालमनोविज्ञानसँग सम्बन्धित नियमित र गुणात्मक तालिमको अभाव रहेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकासलाई अझ नतिजामुखी र नियमित बनाउन आवश्यक छ। शिक्षा क्षेत्रमा हुने राजनीतिक हस्तक्षेप र नियुक्ति विवादले शैक्षिक गुणस्तरमा ह्रास ल्याइरहेको र शिक्षक व्यवस्थापनलाई जटिल बनाएको देखिन्छ। शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग वैज्ञानिक रूपमा जोड्ने संयन्त्रको कमी भएको छ। जसले शिक्षकलाई थप जिम्मेवार, उत्तरदायी र नतिजामुखी बन्ने आवश्यकता देखाउँछ। गाउँपालिकामा दक्ष र तालिमप्राप्त शिक्षकहरूको आपूर्ति पर्याप्त छैन भने प्रधानाध्यापकहरूको छनोट प्रक्रियामा पनि योग्यता र क्षमतामा आधारित सुधार आवश्यक छ। प्रस्तुत चुनौतीहरूको समाधानका लागि गाउँपालिका शिक्षक दरबन्दी मिलान, कार्यसम्पादनमा आधारित पुरस्कार तथा प्रोत्साहन, र नियमित पुनर्ताजगी तालिमको माध्यमबाट दीर्घकालीन रणनीतिहरू लागुगर्ने नीति लिएको छ।

**४.२.३ उद्देश्य**

१) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
२) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
३) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

**४.२.४ रणनीतिहरू**

१) विद्यार्थी सङ्ख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यकता अनुसार पुनर्वितरण गर्ने,
२) रिक्त शिक्षक दरबन्दीमा समयमै शिक्षक व्यवस्थापन गर्ने,
३) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने,
४) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने,
५) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगका लागि प्रशिक्षित गर्ने,
६) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने,
७) स्थानीय स्तरमा विषयगत तथा अन्तर विषयक शिक्षकहरूको छलफल तथा अनुभव आदानप्रदान समूह निर्माण गरी छलफल तथा अनुभव आदानप्रदान गर्ने नीतिगत व्यवस्था अवलम्बन गर्ने,
८) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने,

९) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रम मार्फत प्रेरित गर्ने,

१०) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

११) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा मानव संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने,

१२) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने,

१३) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने,

१४) नव प्रवेशी शिक्षकहरूका लागि शिक्षक मेन्टरिङका साथसाथै अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने,

१५) शिक्षक व्यवस्थापन र पेसागत विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने,

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

***क)उपलब्धि:***

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ। विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमताको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ। शिक्षकहरूको पेशागत विकासका लागि निरन्तर अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने, | पटक | | | | १ | | १ | |
| २ | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अनुभवी शिक्षकबाट कोचिङ्ग र मेन्टरिङ्ग प्रदान गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ४ | शिक्षकको कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलब्धिसँग जोडेर नतिजामुखी मूल्याङ्कन लागू गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ५ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ६ | नयाँ प्रविधि र आधुनिक शिक्षण विधि प्रयोग प्रवर्द्धन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ७ | शिक्षक तथा प्रधानाध्यापकको निरन्तर मूल्याङ्कन र सुधार कार्यक्रम सञ्चालन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ८ | शिक्षकको प्रेरणा, व्यावसायिक प्रतिबद्धता र जवाफदेहिता बढाउने कार्यक्रम लागू गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ११ | एकीकृत पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पठन तत्व तथा ढाँचासम्बन्धी तालिमको व्यवस्था गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शैक्षिक सामग्री निर्माण तालिम/कार्यशालाको व्यवस्था गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | एकीकृत पाठ्यक्रममा पठन तत्व तथा ढाँचासम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| १४ | प्रविधि–मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट,स्मार्ट वोर्ड प्रयोग तालिमको व्यवस्था गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| १५ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | निरन्तरता सुनिश्चित गर्न स्थानीय स्तरमा निगरानी र सुधारात्मक कदम चाल्ने, | पटक | | २ | २ | २ | २ | २ | |
| १७ | सामुदायिक विद्यालयका प्र.अ. भत्ता व्यवस्थापन सुनिश्चित गर्ने, | पटक | | ३ | ३ | ३ | ३ | ३ | |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

शिक्षा क्षेत्रमा समता र समावेशीकरणका विषयलाई महत्त्वका साथ लिइन्छ। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ। विद्यालयले विद्यार्थीहरूको विविध आवश्यकताहरूलाई पाठ्यक्रम, शिक्षण विधि, मूल्याङ्कन र भौतिक वातावरण अनुकूल बनाउँछ। यसले विशेष आवश्यकता भएका, अपाङ्गता भएका, भाषिक वा सांस्कृतिक रूपमा

फरक पृष्ठभूमि भएका तथा शिक्षाको पहुँचबाट वञ्चित समुदायका बालबालिकालाई शिक्षा प्रणालीमा समावेश गर्न मद्दत गर्दछ। समता र समावेशीकरणको प्रभावकारी कार्यान्वयनले सामाजिक न्याय, समान अवसर, मानव अधिकारको संरक्षण र दिगो विकासलाई प्रवर्द्धन गर्दछ। यसले समाजमा रहेका विभेद र असमानता कम गर्दै सबै नागरिकलाई समान रूपमा सम्मानजनक र सक्रिय जीवन जीउने अवसर प्रदान गर्दछ। त्यसैले समता र समावेशीकरणलाई नीति, योजना र कार्यक्रमहरूको मुख्य आधारका रूपमा ग्रहण गर्नु आवश्यक देखिन्छ।

**४.३.२ वर्तमान अवस्था**

तिला गाउँपालिकाले शिक्षा तथा सामाजिक सेवामा समता र समावेशीकरणलाई प्राथमिकता दिँदै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकामा हाल करिब ३१ ओटा सामुदायिक विद्यालय र १ ओटा संस्थागत विद्यालयहरूमा ५४५० जना विद्यार्थी अध्ययनरत छन्। कूल विद्यार्थीहरूमध्ये छात्राको सङ्ख्या ५२.८६ प्रतिशत रहेको छ भने दलित, जनजाति तथा अन्य वञ्चित समुदायका विद्यार्थीहरूको सङ्ख्या करिब ३० प्रतिशत रहेको अनुमान छ। गाउँपालिकाले आर्थिक रूपमा कमजोर तथा शिक्षाबाट वञ्चित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म नेपाल सरकारले प्रदान गर्ने छात्रवृत्ति सुविधा सम्बन्धित विद्यार्थीले प्राप्त गरेका छन्। त्यसैगरी अपाङ्गता भएका विद्यार्थीहरूको सङ्ख्या करिब १९ जना रहेको छ र उनीहरूका लागि समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ। यद्यपि केही विद्यालयहरूमा शिक्षक दरबन्दी, स्रोतसाधन तथा पूर्वाधारको असमानता देखिन्छ। विशेष गरी दुर्गम बस्तीका बालबालिकाको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा डिजिटल स्रोतमा पहुँच अझै चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा तिला गाउँपालिकाले समता र समावेशीकरणलाई संस्थागत गर्न प्रयास गरे पनि सबै समुदाय र समूहसम्म सेवाको समान पहुँच सुनिश्चित गर्न तथ्यमा आधारित थप कार्ययोजना, लक्षित कार्यक्रम तथा प्रभावकारी अनुगमनको आवश्यक देखिन्छ।

**४.३.३ उद्देश्य**

१) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु,

२) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी शिक्षाबाट वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु,

**४.३.४ रणनीतिहरू**

१) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

२) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

३) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

४) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

५) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षत कक्षा कोठा आदि) को व्यवस्था गर्ने

६) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

७) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

**४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि:***

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा बिहीन बालबालिकाहरूलाई विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।

***ख) प्रमुख क्रियाकलाप र लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | छात्रा छात्रवृत्ति (कक्षा १-५) कर्णाली प्याकेज समेत गैर आवसीय | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २ | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ३ | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ५ | बालिका तथा समावेशी शिक्षा सञ्जाल परिचालनको लागि स्थानिय तहलाई अनुदान | पटक | | | १ | | १ | १ | |
| ६ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) गर्न स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | गाउँपालिका स्तरीय छात्रवृत्ति कोष स्थापना (जेहनदार, असहाय, विपन्न र समस्याग्रस्त विद्यार्थीहरूका लागि) तथा संचालन | पटक | | | १ | | १ | १ | |
| ८ | समता र समावेशीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालयमा जेन्डर फोकल पर्सन तोक्ने। | पटक | | | १ | | १ | १ | |
| १० | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ११ | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १२ | विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण गर्ने। | पटक | | | १ | | १ | १ | |
| १३ | अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ आदि) निर्माण गर्ने। | पटक | | | १ | | १ | १ | |
| १४ | घरधुरी सर्वेक्षणमार्फत बालबालिकाको विवरण सङ्कलन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १५ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १६ | किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १७ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १९ | समता र समावेशीकरणसम्बन्धी नियमित अनुगमन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २० | आवश्यक परेमा विभेदसम्बन्धी घटनामा अनुसन्धान तथा कारबाही गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २१ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापन सम्बन्धी मापदणंड २०८० कार्यान्वयन गर्ने | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम विद्यालय उमेरका बालबालिकाको समग्र विकास, नियमित उपस्थिती र सिकाइ उपलब्धि सुधार गर्न सञ्चालन गरिने महत्वपूर्ण कार्यक्रम हुन। यस किसिमका कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत बालबालिकालाई पोषणयुक्त दिवाखाजा उपलब्ध गराउने, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, व्यक्तिगत तथा वातावरणीय सरसफाइका व्यवहारहरू प्रवर्द्धन गर्ने तथा विद्यालयमा सुरक्षित र स्वच्छ वातावरण निर्माण गर्ने कार्यहरू गरिन्छन्। यसले बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न, कुपोषण न्यूनीकरण गर्न तथा विद्यालयमा नियमित उपस्थिति र सक्रिय सहभागिता बढाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ। विद्यालय, अभिभावक र समुदायको सहकार्यमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार विकास गर्न पनि यसखाले कार्यक्रमले सहयोग गर्दछ।

**४.४.२ बर्तमान अवस्था**

तिला गाउँपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकास सुनिश्चित गर्न विद्यालय स्तरमा विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मको दिवाखाजा नेपाल सरकारको व्यवस्थापनमा रहेको छ जसमा लागि  विश्व खाध्य कार्यक्रमको समन्वय र साझेदारी कायम नै छ। दिवाखाजालाई स्थानीय उत्पादन र पोषणयुक्त खाध्यवस्तुमा आधारित बनाइ गाउँपालिकाले प्रभावकारी रूपमा संचालन हुँदै आएको छ। कार्यक्रमबाट विशेषगरी आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीहरू लाभान्वित भएका छन्।

गाउँपालिकाका सबै माध्यमिक तथा केही आधारभूत विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण भइसकेको छ र बाँकी विद्यालयमा निर्माण प्रक्रिया जारी छ। कक्षा ६-१२ सम्म अध्ययनरत छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गर्न निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गरिएको छ। साथै सबै विद्यालयमा प्राथमिक उपचार सामग्रीको बाकस राखिएको छ र बालिकाहरूका लागि आइरन चक्की वितरण गरी पोषण सुधारमा सहयोग पुऱ्याइएको छ। यस प्रकारका कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य सुधार, कुपोषण न्यूनीकरण, नियमित उपस्थिती र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पुऱ्याउँदै समता र समावेशीकरणलाई प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका खेलेका छन्।

**४.४.३ उद्देश्यहरु**

१) बालबालिकाहरुलाई स्वस्थ एवम् पोषणयुक्त स्थानीय कृषि उपजमा आधारित पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,

२) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धीमा सुधार गर्नु

**४.४.४ रणनीतिहरू**

१) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा ५ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने,

२) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने,

३) पर्याप्त पानी, साबुन, सफाइ सामग्री, अलग–अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने,

४) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने,

५) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने,

६) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धीF सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

७) अपाङ्गता भएका, शिक्षाबाट वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने,

८) शिक्षक र कर्मचारीलाई पोषण तथा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी तालिम दिई क्षमता विकास गर्ने,

९) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने,

१०) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने,

११) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।

**४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

***क) उपलब्धि:***

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | तोकिएका जिल्लाका लागि दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | पटक | | | १ | | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालय पोषण र दिवाखाजा सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ४ | खाजाका लागि अतिरिक्त वित्तीय स्रोत खोज्ने र व्यवस्थापन गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ५ | साबुन, पानी, सरसफाइ सामग्री र सेनेटरी प्याड उपलब्ध गराउने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ६ | प्राथमिक उपचार कक्ष सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्व वितरण गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य र स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम दिने। | पटक | | १ | १ | १ | १ | १ | |
| ८ | अपाङ्गता र आर्थिक रूपमा कमजोर | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको पहुँच सुनिश्चित गर्ने। | | | | | | | | |
| ९ | अभिभावक र समुदायलाई अनुगमन र सुधारमा सहभागी बनाउने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| १० | कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.५ आपतकालीन अवस्थामा शिक्षा (EIE)

#### ४.५.१ परिचय

आपतकालीन अवस्था जस्तैः प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका बेला बालबालिकाको पठनपाठनको निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस क्रममा विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सहपाठी सिकाइ, पारिवारिक शैक्षिक साहायता, भर्चुअल कक्षा वा सामुदायिक आधारमा सिकाइको व्यवस्था गरिनु पर्छ। शिक्षण सामग्री, शिक्षक प्रशिक्षण, सामुदायिक पुस्तकालय, साहायता कक्षा, सन्दर्भ सामग्री र विद्यार्थीहरूको पहुँच आदिमा ध्यान दिँदै सबै बालबालिकाहरूको लागि शिक्षामा समान अवसर पाउने व्यवस्था गरिनुपर्छ। आपतकालीन शिक्षाले मात्र बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित नहुने भएकाले उनीहरूको शारीरिक, मानसिक स्वास्थ्य, संवेगात्मक पक्ष र सुरक्षालाई पनि प्रवर्द्धन गर्छ। यसले दीर्घकालीन विकास र समावेशी समाज निर्माणमा योगदान पुर्‍याउँछ।

#### ४.५.२ वर्तमान अवस्था

प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता अवस्थाका बेला विद्यालय भवन क्षतिग्रस्त भए पनि वैकल्पिक कक्षा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइको व्यवस्था गरिन्छ। स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सहकार्यमा संकटमा रहेका बालबालिकाका लागि आवश्यक

शैक्षिक सामग्री वितरण, अनलाइन वा टेलिफोन माध्यममार्फत सिकाइको सुविधा उपलब्ध गराउने व्यवस्था छ। यस प्रकारको व्यवस्थाअनुसार तिला गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी र कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। साथै शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम दिइरहेको र अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सहकार्य गर्न अभिमुखीकरण गरिएको छ। यद्यपि केही दुर्गम क्षेत्रका बालबालिकाले अनलाइन पहुँच, उपकरण र स्रोत अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोगिरहेको अवस्था छ। गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच, सामग्री वितरण र समावेशीता सुनिश्चित गर्न थप योजना र स्रोत व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

**४.५.३ उद्धेश्य**

१) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु,

२) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, शारीरिक, मानसिक र संवेगात्मक स्वास्थ्य तथा समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु,

**४.५.४ रणनीति**

१) सङ्घीय सरकारले बनाएको विपद् / आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने,

२) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने,

३) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने,

४) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने,

५) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने व्यवस्था गर्ने,

६) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने,

७) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण सिकाइ उपाय तयार गर्ने,

८) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन अवस्थामा प्रतिकार्य क्षमताको विकास गर्ने,

९) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने,

१०) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

११) संकट/आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने,

१२) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना मा समावेश गर्ने,

१३) शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस आदिलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने,

१४) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने,

१५) संकट आपतकालीन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने ।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

***क) उपलब्धी:***

आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ ।

***ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य***

| क्रस | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने। | पटक | | १ | १ | १ | १ | १ | |
| २ | स्रोत शिक्षक र प्रधानाध्यापकलाई तालिम दिने। | पटक | | १ | १ | १ | १ | १ | |
| ३ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन गर्ने। | पटक | | १ | १ | १ | १ | १ | |
| ४ | अभिभावकलाई पनि सचेतनामा सहभागी बनाउने। | पटक | | १ | १ | १ | १ | १ | |
| ५ | वैकल्पिक सिकाइ उपाय तयार राख्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय रेडियो, टेलिभिजन र सञ्चारसँग समन्वय गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माण गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ८ | नियमित ड्रिल अभ्यास र आपतकालीन अभ्यास गर्ने। | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ९ | विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गर्ने। | पटक | | १ | १ | १ | १ | १ | |
| १० | अनुगमन, मूल्याङ्कन र सुधारको माध्यमबाट प्रभावकारिता सुनिश्चित गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.६ **विद्यालय भौतिक पूर्वाधार विकास**

### **४.६.१ परिचय**

विद्यालयमा बालबालिकाले सुरक्षित र गुणस्तरीय शिक्षा प्राप्त गर्न शिक्षणअनुकूल, बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी भौतिक पूर्वाधार अत्यन्त महत्वपूर्ण हुन्छ। शिक्षा नियमावली २०५९ अनुसार प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल तोकिएको छ। यसले प्रत्येक विद्यार्थीले पर्याप्त स्थानमा पठनपाठन गर्न सक्ने वातावरण सुनिश्चित गर्छ। विद्यालयका आधारभूत भौतिक पूर्वाधारमा सुरक्षित विद्यालय भवन, पढ्नका लागि कक्षाकोठा, खेलकुदका लागि खेलमैदान, शौचालय,

स्वच्छ पानी, सरसफाइ र पुस्तकालय/बुक कर्नर जस्ता सुविधा समावेश हुन्छन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयलाई बालमैत्री, सुरक्षित, हरित र विपद् जोखिममुक्त बनाउन भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी र पुस्तकालय जस्ता सम्पूर्ण पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्थापन गरेको छ । यस प्रकारका पूर्वाधारले मात्र शिक्षा पहुँच सुनिश्चित नगरी बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र विकासमा पनि योगदान पुऱ्याउँछ ।

**४.६.२ वर्तमान अवस्था**

तिला गाउँपालिकामा बालबालिकाको सुरक्षित र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यालय भौतिक पूर्वाधार विकासमा लगातार प्रयास भइरहेका छन् । गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा, खेलमैदान, शौचालय, पिउने पानी, फर्निचर, पुस्तकालय/बुक कर्नर लगायतका आधारभूत संरचना उपलब्ध छन् । प्रारम्भिक बालविकास तथा आधारभूत तहका कक्षामा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहमा प्रति विद्यार्थी १.०० वर्ग मिटर क्षेत्रफल सुनिश्चितताको अभ्यास गरिएको छ।

गाउँपालिकाले विद्यालय भवन र अन्य पूर्वाधारलाई सुरक्षित, बालमैत्री तथा हरित विद्यालयको रूपमा विकास गर्ने नीतिअनुसार कार्य गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्दै आएको छ । केही विद्यालयमा भवन विस्तार, खेलमैदान सुधार र शौचालय/स्वच्छता सुविधा सुधार गर्न आवश्यक देखिन्छ । यद्यपि सबै विद्यालयमा विपद् प्रतिरोधी पूर्वाधार निर्माण, पर्याप्त खेलमैदान र पुस्तकालय सुविधा सुनिश्चित गर्न थप प्रयास जारी रहेको छ । समग्रमा तिला गाउँपालिकाले विद्यालय भौतिक पूर्वाधारको विकासमा ठोस कदम चाल्दै आएको भएता पनि विद्यालयहरूको भौतिक वातावरण सुधार, समावेशी पहुँच र विपद् जोखिम न्यूनीकरणमा अझै योजना निर्माण, त्यसको कार्यान्वयन र स्रोत व्यवस्थापनको आवश्यकता देखिन्छ ।

**४.६.३ उद्देश्य**

१) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु,
२) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु ।

**४.६.४ रणनीतिहरू**

१) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने,
२) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने,
३) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने,
४) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने,
५) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने,

६) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने,

७) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने,

८) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने,

९) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने,

१०) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधारको विकास गर्ने,

११) विद्यालयका पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

**४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु र लक्ष्य**

***क) उपलब्धि:***

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| २ | विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार मापदण्ड निर्धारण गर्नु, | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ३ | संघसंस्था र सरोकारवालासँग समन्वय गरी पूर्वाधार निर्माणको लागत साझेदारी गर्नु, | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, शौचालय, पानी, भान्सा/खाजा घर लगायत समग्र पूर्वाधार डिजाईन र निर्माण गर्नु, | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ५ | प्रकोप प्रभावित विद्यालय भवनको तुरून्त स्तरोन्नति र वैकल्पिक व्यवस्थाको आयोजना गर्नु, | पटक | | १ | १ | १ | १ | १ | |
| ६ | विद्यालय व्यवस्थापन र कर्मचारीको क्षमता विकास गरी पूर्वाधार टिकाउपन सुनिश्चित गर्नु , | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |
| ७ | आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित सञ्चालन गर्नु, | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, हिंसा रहित, सुरक्षित र हरित विद्यालय, वातावरण संरक्षण तथा जलवायु अनुकूल सिकाइ केन्द्रको रूपमा विकास गर्नु, | | | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | |

## ४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै  पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाउने कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ।

त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा  नीति निर्धारण गरेको छ। सूचना तथा सञ्चार प्रविधि (ICT) विद्यालय शिक्षामा सिकाइ प्रक्रियालाई थप प्रभावकारी, सहभागी र आधुनिक बनाउन प्रयोग गरिन्छ। ICT मार्फत शिक्षकहरूले बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी पाठ्यक्रमअनुसार सिकाइ अनुभव समृद्ध बनाउन सक्छन्। विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराउने ICT ले सिकाइलाई सक्रिय र रचनात्मक बनाउँछ। विद्यालय शिक्षामा ICT को प्रयोगले शिक्षण–सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनुका साथै सूचनाको पहुँचका लागि सहज बनाउँछ। त्यस्तै ICT ले सहकार्य र सञ्चार प्रवर्द्धन र डिजिटल सिप विकासमा सहयोग पुऱ्याउँछ।

ICT ले ज्ञान प्राप्तिमा मात्र सहजता ल्याउने होइन भविष्यका दक्ष र सृजनशील नागरिक तयार पार्नमा पनि महत्वपूर्ण योगदान दिन्छ।

**४.७.२ वर्तमान अवस्था**

तिला गाउँपालिकामा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग विस्तार हुँदै आएको छ। केही माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब, प्रोजेक्टर, स्मार्ट बोर्ड र इन्टरनेट सुविधा उपलब्ध छन्। शिक्षकहरूले सिकाइ प्रक्रियामा डिजिटल स्रोत, अनलाइन सामग्री र प्रस्तुति प्रविधिको प्रयोग गर्दै पाठ्यक्रम अनुसार पाठ सञ्चालनको अभ्यास गरिरहेका छन्। पालिकाका सबै विद्यालयमा ICT पहुँच पुग्न सकेको छैन। दुर्गम क्षेत्रका विद्यालयहरूमा उपकरण, इन्टरनेट र प्रशिक्षित शिक्षकको अभावले डिजिटल शिक्षामा चुनौती देखा परेको छ। गाउँपालिकाले ICT पहुँच, उपकरण उपलब्धता, शिक्षक तालिम र डिजिटल पाठ्य सामग्री विकासका लागि विभिन्न निकाय तथा सङ्घ संस्थाहरूसँगको सहकार्यमा काम गर्दै आएको छ। समग्रमा तिला गाउँपालिकामा ICT को प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि सिकाइ अनुभवलाई समृद्ध बनाउने क्रम जारी छ। समावेशी र पूर्ण पहुँच सुनिश्चित गर्न थप दीर्घकालीन योजना र स्रोत व्यवस्थापनको आवश्यकता देखिन्छ। यस किसिमको आवश्यकतालाई मध्यनजर गर्दै पालिकाले प्रति शिक्षक एक ल्यापटप उपलब्ध गराउने र प्रत्येक विद्यालयलाई स्मार्ट बोर्डको पहुँचको सुनिश्चितता गर्ने नीति लिएको छ।

**४.७.३ उद्देश्य**

१) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु,
२) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु।

**४.७.४ रणनीतिहरू**

१) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने,
२) शिक्षकहरूको ICT प्रयोग क्षमता अभिवृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने,
३) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने,
४) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने,
५) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने,
६) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने,
७) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने,
८) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने,
९) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने,

१०) ICT लाई प्रभावकारी रूपमा व्यवस्थित गर्नका लागि प्रति शिक्षक एक ल्यापटप तथा प्रत्येक विद्यालयमा स्मार्टबोर्डको व्यवस्था गर्ने नीति अवलम्बन गर्ने,

११) ICT सम्बन्धी कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजना बनाइ त्यसको प्रभावकारिता सुनिश्चित गर्ने ।

**४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि:***

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | विद्यालयमा ICT संरचना विस्तार र आधुनिक उपकरण उपलब्ध गराउने। | वटा | ३१ | ८ | ७ | ६ | ५ | ५ | ३१ |
| २ | प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिविटीको व्यवस्था सुनिश्चित गर्ने। | वटा | ३१ | १५ | ७ | ४ | ३ | २ | ३१ |
| ३ | शिक्षकहरूको ICT क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने । | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | IEMIS (शैक्षिक सूचना व्यवस्थापन प्रणाली) को सञ्चालन र व्यवस्थापन गर्ने। | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक सिकाइ केन्द्रहरूको ICT क्षमता विकास गर्ने। | पटक | | | १ | १ | १ | | |
| ६ | विद्यालयमा ई-हाजिरी प्रणाली कार्यान्वयन गर्ने। | वटा | | ८ | ७ | ६ | ५ | ५ | |
| ७ | माध्यमिक तहका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन गर्ने। | पटक | | १ | १ | १ | १ | १ | |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट स्मार्ट वोड लगायतको व्यवस्थापन गर्ने (लागत साझेदारीको आधारमा)। | वटा | | ८ | ८ | ७ | ४ | ४ | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि शिक्षक र विद्यार्थीलाई तालिमको व्यवस्था गर्ने। | पटक | | १ | १ | १ | १ | १ | |

# परिच्छेद ५

# विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मूख तथा परिणाममूखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरूलाई जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता  तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनवटै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको प्रस्तुत योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ । यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई तीनवटै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गरी  तत्कालिन  समस्या  समाधानका  लागि कर्मचारीको व्यवस्थापन  र  संगठनात्मक  स्वरूपमा  केही  परिवर्तन  गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालयहरू मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि शिक्षक, अभिभावक लगायत सबै ससरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टताबिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास हुनुमा यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ ओटा अधिकारहरूको व्यवस्था गरेको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगहरू पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ ओटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ । स्थानीय तह अन्तर्गत रहने शाखाका रूपमा तिला गाउँपालिकामा पनि शिक्षा युवा तथा खेलकुद शाखा रहेको छ ।

**५.१.२ वर्तमान अवस्था**

गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समितिहरू रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायक (लेखा हेर्ने कर्मचारी) को व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गरेका छन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण र अपेक्षाकृत रूपमा काम गर्न सकिरहेको देखिँदैन । प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको

विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी शिक्षा क्षेत्रका योजनाहरूको प्रभावकारी र कुशल कार्यान्वयनका लागि विभिन्न चुनौतीहरू पहिचान गरिरएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रबर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि उक्त ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशको मातहतमा सामाजिक विकास कार्यालय हुँदा शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छ भने अर्कोतिर तीनवटै तहका विभिन्न शैक्षिक प्रशासनिक निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

**५.१.३ उद्देश्य**

१) स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
२) तीनवटै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
३) स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
४) जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,

**५.१.४ रणनीतिहरू**

१) स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
२) संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गर्ने,
३) कार्यरत शिक्षक, कर्मचारी र प्रधानाध्यापकको क्षमता विकास गर्ने,
४) शिक्षक पेशागत सहयोग प्रणाली स्थापन गरी उनीहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने,
५) प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई नेतृत्व र क्षमता विकास गर्ने,
६) विद्यालय कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने,
७) विद्यालय प्रशासन र व्यवस्थापन संरचना सुधार गर्ने,
८) शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने,
९) विद्यालय, शिक्षक र विद्यार्थीको कार्यसम्पादन नियमित अनुगमन र मूल्याङ्कन गर्ने,
१०) मानव संसाधनीय, वित्तीय र भौतिक स्रोतको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्ने,
११) स्थानीय सरकार, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने,
१२) ICT र डिजिटल प्रणालीमार्फत प्रशासन र शिक्षण-सिकाइ प्रक्रियालाई सुदृढ गर्ने,
१३) विद्यालय सुधार योजना, बजेट र नीति निर्माणमा क्षमता अभिवृद्धि गर्ने,
१४) विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

**५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि:***

शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

***ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाहलाई विदयालय भर्ना र सिकाइ निरन्तरता ,Equity Index वृद्धिका लागि र लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | |
| २ | स्थानीय शिक्षा योजना अद्यावधिक एवम् कार्यान्वयनको लागि स्थानीय तहलाई अनुदान | पटक | | १ | १ | १ | १ | १ | |
| ३ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी,IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | नविनतम शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम  गोष्ठी | पटक | | १ | १ | १ | १ | १ | |
| ६ | ऐन नियम निर्देशिकामा निर्दिष्ट गरिएका विभिन्न समिति तथा कार्यदल र अन्य नतोकिएका समन्वय बैठक व्यवस्थापन | पटक | | १ | १ | १ | १ | १ | |
| ७ | सामुदायिक विद्यालयहरूको स्तरोन्नति तथा शिक्षाको गुणस्तर विकास गर्नको लागि  उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | पटक | | १ | १ | १ | १ | १ | |
| ८ | विषयगत शिक्षक कार्यशाला तथा गोष्ठी | पटक | | १ | १ | १ | १ | १ | |
| ९ | विभिन्न दिवस व्यवस्थापन (शिक्षा सम्बन्धी) | पटक | | १ | १ | १ | १ | १ | |
| ११ | "एक शिक्षक एक ल्यापटप" कार्यक्रम सञ्चालन | वटा | | ४१ | ३१ | ३६ | २० | २१ | |
| १२ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक | पटक | | १ | १ | १ | १ | १ | |
| १३ | शिक्षा शाखाबाट विद्यालय सुपरीवेक्षण तथा अनुगमन | पटक | | २ | ३ | ३ | ३ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, एसइइ, एसएलसी र अन्य) तथा शैक्षिक कार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | |
| १५ | शैक्षिक क्रियाकलाप सम्बन्धी समन्वय बैठक (सबै वडाहरूसँग) | पटक | | १ | १ | १ | १ | १ | |
| १८ | गाउँ स्तरीय शैक्षिक मेला | पटक | | १ | १ | १ | १ | १ | |
| २० | विद्यालय सुधार योजना निर्माण र विकास तथा समीक्षा | पटक | | १ | १ | १ | १ | १ | |
| २२ | गाउँपालिका स्तरीय खेलकुद बैठक, विभिन्न विधाका खेलकुद सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा सम्मान र पुरस्कार | पटक | | १ | १ | १ | १ | १ | |
| २३ | शैक्षिक जागरण अभियान, अभिभावक शिक्षा तथा विद्यार्थी क्षमता अभिवृद्धि तथा नेतृत्व विकास प्रशिक्षण | पटक | | १ | १ | १ | १ | १ | |
| २४ | सबै तहका शिक्षकहरूको लागि परामर्श सेवा सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | |
| २५ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग प्रतियोगतामा सहभागिता | पटक | | १ | १ | १ | १ | १ | |
| २६ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २८ | अध्क्ष कप फुटबल/ भलिवल लगायतका प्रतियोगिता संचालन | पटक | | १ | १ | १ | १ | १ | |
| ३६ | माध्यमिक तहका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ३७ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट स्मार्ट वोर्ड लगायतको व्यवस्थापन गर्ने (लागत साझेदारीको आधारमा) | वटा | | ८ | ८ | ७ | ४ | ४ | |
| ३८ | प्रविधि मैत्री सिकाइका लागि शिक्षक र विद्यार्थीलाई तालिमको व्यवस्था गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ३९ | स्थानीय तहमा शिक्षा व्यवस्थापन सुधार गर्न नीति तथा दिशानिर्देश तयार पार्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४० | विद्यालय व्यवस्थापन संरचना अनुसार आवश्यक जनशक्ति नियुक्ति र व्यवस्थापन गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४१ | शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकास तालिम सञ्चालन गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |
| ४२ | शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गरी शिक्षकहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने, | पटक | | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | प्रधानाध्यापकलाई नेतृत्व, योजना निर्माण र कार्यान्वयनका लागि जिम्मेवार बनाउने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४४ | विद्यालय कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय, भौतिक र मानव स्रोत व्यवस्थापन गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४५ | विद्यालय प्रशासन र व्यवस्थापन सुधारका लागि अनुगमन र मूल्याङ्कन प्रणाली लागू गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४६ | ICT र डिजिटल प्रणालीमार्फत प्रशासन, पाठ्यक्रम र सिकाइ प्रक्रियालाई सुदृढ गर्ने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४७ | स्थानीय सरकार, अभिभावक, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने, | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४८ | विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्न, | पटक | | १ | १ | १ | १ | १ | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता र स्रोत साधनलाई ध्यानमा राखी शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउने उद्देश्यले तय गरिएको रणनीतिक र कार्यान्वयनमुखी योजना हो। यसले विद्यालय शिक्षा,

प्रारम्भिक बालविकास, वैकल्पिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, सिकाइ उपलब्धि सुधार लगायतका विषयलाई समेट्छ। स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना निर्माण, स्रोत व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका स्पष्ट प्रक्रिया र संरचनाहरू तय गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ।

**५.२.२ वर्तमान अवस्थाः**

तिला गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध गरेको छ। तिला गाउँपालिकाको शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्ने योजना बनाएको छ। योजना कार्यान्वयन अन्तर्गत गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना कार्यान्वयनमा सहजीकरण गर्ने, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकताअनुसार पुनर्वितरण गर्ने, रिक्त पदमा शिक्षक नियुक्ति प्रक्रियामा सहजीकरण गर्ने तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्य प्रारम्भ गरेको छ। साथै सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय पूर्वाधार विकास गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि गर्ने नीति बनाएको छ।

यसका अतिरिक्त गाउँपालिकाले सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा आवश्यक जनशक्ति, स्रोत व्यवस्थापन र  तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने प्रयास गर्नेछ। जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण, बजेटको सुनिश्चितता तीनै तहका सरकार बीचको समन्वय र सहकार्यमा वार्षिक रणनीतिक योजना  र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरु कार्यान्वयनको गर्ने तयारी गरेको छ।

**५.२.३ उद्देश्यहरुः**

१) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

**५.२.४ रणनीतिहरू**

१) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,

२) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने,

३) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,

४) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,

५) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

६) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने,

७) विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,

८) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,

९) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,

१०) सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

**५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धिः***

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

***ख) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | | १ | १ | १ | १ | १ | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | | १ | १ | १ | १ | १ | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | | १ | १ | १ | १ | १ | |
| ५ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | | १ | १ | १ | १ | १ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। प्रत्येक विद्यालयले र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ। त्यसैगरी कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा

प्रमुखको संयोजकत्वमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति निर्माण गरिनेछ।

**५.३.२ वर्तमान अवस्था**

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ। खासगरी शिक्षा शाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरिएको छ। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी कमजोर देखिन्छ। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा केही समस्या रहेकोछ। सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसार को पनि खाँचो रहेको देखिन्छ। ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङकन गर्ने कार्यहरू अभ्यासहरू भैरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गरिने छ।

गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट, पत्राचारका माध्यमबाट निर्देशित तथा प्रोत्साहित गरिने छ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

**५.३.३ उद्देश्य**

१) अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्रको निर्माण गर्नु,

२) अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,

३) योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु।

**५.३.४ रणनीतिहरू**

१) प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने,

२) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने,

३) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
४) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
५) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन प्रणालीलाई थप व्यवस्थित र नियमित गर्ने,
६) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,
७) योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

**५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

***क) उपलब्धि:***

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

***ख) प्रमुख क्रियाकलाप र लक्ष्य:***

| क्र स | क्रियाकलायको विस्तृतिकरण | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | k6s | | ३ | ३ | ३ | ३ | ३ | |
| ३ | अनुगमन | | | | | | | | |
| ४ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | k6s | | १ | २ | २ | २ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थिति प्रतिवेदन तयारी | k6s | | १ | १ | | १ | १ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | k6s | | १ | २ | २ | २ | २ | |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | k6s | | १ | १ | १ | १ | १ | |
| ८ | अनुगमन सम्बन्धि क्षमता विकास | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | | १ | १ | १ | १ | १ | |
| १० | विद्यालयको लेखा परीक्षण | पटक | | १ | १ | १ | १ | १ | |
| ११ | अध्ययन तथा अनुसन्धान | पटक | | १ | १ | १ | १ | १ | |

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्यूसन तथा कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ ओटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईओटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारटबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ। शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ। कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु जस्ता कार्यहरूलाई चुनौतीका रूपमा लिन सकिन्छ। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गर्नुपर्ने देखिन्छ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव

भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित हुनुपर्ने देखिन्छ। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत २१ हजार रहेको छ। तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेकाछन्।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकताका क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | १४४५०००००० | ७२.२५% | |
| २ | प्रदेश सरकार | | % | |
| ३ | स्थानीय सरकार | ११०००००० | ५.५% | |
| ४ | अभिभावक तथा समुदाय | - | - | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | - | - | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | - | - | |
| ७ | अपुग रकम | ४४५००००० | २२.२ ५% | |
| जम्मा | | २०००००००० | १००% | |

### ६.३ उद्देश्य

१) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

२) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

३) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

४) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

### ६.४ रणनीतिहरू

१) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

२) फ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

३) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

४) वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

५) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने,

६) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

७) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने ।

### ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

### ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट विवरण

| क्र स | शिक्षाका उप-क्षेत्रहरू | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत (रु हजारमा) | | | | | | श्रोत आँकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | अन्य साझेदारी |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | निकायहरु |
| १ | प्रारम्भिक बालविकास शिक्षा र विद्यालय कर्मचारी रु लाखमा | १०५. | ११० | ११५ | १२० | १२५ | ५७५ | ८० % | ५ % | १० % | ५% |
| २ | आधारभतू शिक्षा रु लाखमा | ६५४ | ६६० | ६६५ | ६७५ | ६८० | ३३३४ | ८० % | ५ % | १० % | ५% |
| ३ | माध्यमिक शिक्षा रु लाखमा | २२७ | २३० | २३५ | २४० | २५० | ११८२ | ८० % | ५ % | १० % | ५% |
| ४ | छात्र वृत्ति ,अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रु लाखमा | ५५. | ६२ | ७२ | ८० | ८५ | ३५४ | ८० % | ५ % | १० % | ५% |
| ५ | पाठ्यपुस्तक पाठ्यक्रम तथा मूल्याङ्कन रु लाखमा | ४२ | ४६ | ५१ | ६० | ७० | २६९ | ८० % | ५ % | १० % | ५% |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षण अनुदान शिक्षक व्यवस्थापन र विकास रु लाखमा | १२०. | १३० | १४० | १५० | १६० | ६९० | ८० % | ५ % | १० % | ५% |
| ७ | सेनेटरी प्याड समता र समावेशीकरण रु लाखमा | १६. | २० | २४ | २८ | ३२ | १२० | ८० % | ५ % | १० % | ५% |
| ८ | प्रति विद्यार्थी लागत र अन्तरसम्बन्धित विषय क्षेत्र रु लाखमा | ३० | ३५ | ४० | ५० | ५५ | २१० | ८० % | ५ % | १० % | ५% |
| ९ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि र माध्यमिक तहमा स्मार्ट वोर्ड रु लाखमा | ४३ | ४७ | ५२ | ५७ | ६२ | २६१ | ८० % | ५ % | १० % | ५% |
| १० | विद्यालय भौतिक | ४५. | ५० | ६० | ६७ | ७२ | २९४ | ८० % | ५ % | १० % | ५% |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्बाधार विकास तथा सर्वेक्षण रु लाखमा | | | | | | | | | | |
| ११ | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा रु लाखमा | १५ | २० | २२ | २५ | २७ | १०९ | ८० % | ५ % | १० % | ५% |
| १२ | दिवा खाजा तथा विद्यालय सुरक्षा रु लाखमा | ११५ | १२० | १२६ | १२९ | १३२ | ६२२ | ८० % | ५ % | १० % | ५% |
| १३ | विद्यालय सञ्चालन व्यवस्थापन तथा संस्थात क्षमता विकास रु लाखमा | ५८ | ६२ | ८० | ८५ | ९६ | ३८१ | ८० % | ५ % | १० % | ५% |
| १४ | विद्यालय शैक्षिक कार्यक्रम सञ्चालन र शिक्षा योजना | ५७ | ६० | ७२ | ७८ | ८५ | ३५२ | ८० % | ५ % | १० % | ५% |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनको प्रबन्ध रु लाखमा | | | | | | | | | | |
| १५ | स्थानिय योजना निर्माण ,कार्यान्वयन अनुगमन तथा मूल्यङ्कन समन्वय र सहजीकरण रु लाखमा | ९ | १२ | १४ | २० | १८ | ८३ | ८० % | ५ % | १० % | ५% |
| १६ | आधारभुत सिकाई रु लाखमा | ९ | १० | १२ | २० | २६ | ७७ | ८० % | ५ % | १० % | ५% |
| १७ | आवासीय विद्यालय सञ्चालन रु लाखमा | २०० | २५० | २८० | २९० | ३०० | १३२० | ८० % | ५ % | १० % | ५% |
| १८ | एक शिक्षक एक ल्यापटप र इन्टरनेट | २०० | २०० | २३० | २८० | ३०० | १२१० | ८० % | ५ % | १० % | ५% |
| | **जम्मा रु करोडमा** | २० | २१.२४ | २३ | २४.५४ | २५.७५ | ११४४० | ८० % | ५ % | १० % | ५% |

# परिच्छेद ७

# कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

## ७.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्ने नीति अवलम्बन गरेको छ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ । प्रत्येक विद्यालयहरूले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्दछन् । कार्यक्रम संचालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ । कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिन्छ । विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) पक्षको नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्ने व्यवस्था छ । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिन्छ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाईन्छ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकारअनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको भइरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखाबाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमनका सबै मूल्याङ्कनका संरचना वा निकायहरु खडा भएतापनि सबै निकायहरूलाई उत्तिकै सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

ऐन नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्य अभ्यास भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गर्रिंदै आएको छ । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा विभागले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय सञ्चालन गर्दछ । तिला गाउँपालिकाको गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको अनुगमन गर्ने व्यवस्था छ । अनुगमन प्रक्रिया तपसिल बमोजिम रहेको छ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | त्रैमासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | त्रैमासिक | |
| ८ | विद्यालय सुपरिवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

प्रस्तुत गाउँ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा

सहकार्यको लागि गाउँपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गरिने छ। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकताअनुसार बस्नेछ।

### ७.३ उद्देश्य

१) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
२) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,
३) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

### ७.४ रणनीतिहरू

१) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,
२) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
३) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,
४) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,
५) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,
६) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
७) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,
८) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,
९) सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,
१०) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
११) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने।


### ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

# अनुसूचीहरु

## निर्णय प्रतिलिपिहरू




प्रस्ताव एवं निर्णय नं १ माथि छलफल गर्दा
तिला गाउँपालिकाको स्थानीय शिक्षा योजना
को लागि पालिका स्तरीय आवधिक शिक्षा यो
निर्माणका लागि तपसीलमा उल्लेखित सदस्य
उपसमिति गठन गर्ने निर्णय गरियो
तपसील
१. प्रारम्भिक बालविकास र शिक्षा उपस
१. जोग बहादुर रावत संयोजक
२. हरिमान रावत सदस्य
३. जैरुपा रावत सदस्य

२. आधारभूत शिक्षा उपसमिति
१. यज्ञ प्रसाद उपाध्याय संयोजक
२. जैरुपा रावत सदस्य
३. पर्वलाल रावत ,,

३. माध्यमिक शिक्षा उपसमिति
१. मान बहादुर सिंह संयोजक
२. मोतिराम बुढा सदस्य
३. टोप बहादुर भट्टराई ,,

४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाई उ
१. रविन्द्र रावत संयोजक
२. सरिता रावत सदस्य
३. निर्माया बोहोरा ,,

५. पाठ्यक्रम तथा मूल्यांकन उपसमिति
१. रण बहादुर रावत संयोजक
२. दिनेश बुढा सदस्य
३. जनक ब० शाहि ,,



६. शिक्षक व्यवस्थापन र विकास उपसमि
विद्यालय भौतिक पूर्वाधार विकास उपसमि


१ आविराज उपाध्याय संयोजक
२ मुकुपे रावत सदस्य
३ मनराज शाहि ,,

७. समता र समावेशीकरण उपसमिति
१ हर्क बहादुर रावत संयोजक
२. गौरी थापा सदस्य
३. लाली ब० बुढा ,,


८. विद्यालय दिवाखाजा, स्वास्थ्य पोषण उप
१ जयलाल रोकाया संयोजक
२ हर्क ब० रावत स्वास्थ्य प्रतिनिधि
३ जसुकला रावत पोषणकार्यक्रम प्रति

९. आपतकालिन अवस्थामा शिक्षा उपसमिति
१ मुकुपे रावत संयोजक
२. रण बहादुर रावत सदस्य
३. राम बहादुर रावत ,,

१० विद्यालय शिक्षामा सूचना र संञ्चार प्र
र संस्थागत क्षमता विकास उपसमिति
१. कलसे बस्नेत संयोजक
२. दिप बहादुर सिंह सदस्य
३ खिर ब० रावत सदस्य
११ लगानी र स्रोत व्यवस्थापन उपसमिति
१. मोतिलाल रोकाया संयोजक
२. स्वर्णानन्द उपाध्याय सदस्य
३ मनमाया खत्री ,,
४ कमल बस्नेत ,,



प्रस्ताव एवं निर्णय नं २ माथि छलफल गर्दा
जिम्मेवारी प्राप्त उपसमितिले आजको मिति दे
सात दिन भित्र सम्पूर्ण तथ्याङ्क सारवामा उप
गरी सहयोग गर्ने निर्णय गरियो ।



प्रस्ताव एवं निर्णय नं ९ माथि छलफल गर्दा
तिला गाउँपालिका शिक्षा युवा तथा खेलकुद
शाखाको आयोजनामा स्थानीय शिक्षा योजना
निर्माणका लागि विभिन्न समितिबाट उपलब्ध
भएका तथ्यांकहरूको आवश्यक संशोधन र
योजनाको पूर्णता दिनका लागि तपसिलमा
उल्लेखित सदस्य रहेको प्राविधिक कार्य समिति
गठन गरि सो योजनाको ड्राफ्ट तयार गर्ने जिम्मा दिने निर्णय
पारित गरियो
तपसिल
श्री मनमाया खत्री व·शि·अधिकृत
श्री आविराज उपाध्याय शि·अधिकृत
श्री मुकुपे रावत प्र·अ·
श्री जनक बहादुर शाहि प्र·अ·
श्री मान बहादुर सिंह प्र·अ·
श्री रण बहादुर रावत मा·शिक्षक

आज मिति २०८२ साल चैत ११ गतेका दिन यस तिला गाउँपालिका अध्यक्ष तथा गाउँ शिक्षा समितिका अध्यक्ष श्री मोतिलाल रोकाया ज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

तपसिल

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मोतिलाल रोकाया | अध्यक्ष | | [signature] |
| २ | कुपे रावत | सदस्य | | [signature] |
| ३ | जनक ब० शाही | सदस्य | | [signature] |
| ४ | विष्णु कु० शाही | म० सदस्य | | [signature] |
| ५ | अवनी कु० शाही | सदस्य | | [signature] |
| ६ | कमल बस्नेत | सदस्य | | [signature] |
| ७ | धनेनाथ योगी | सदस्य | | [signature] |
| ८ | गोपिचन्द्र रोकाया | सदस्य | | [signature] |
| ९ | रण ब० रावत | सदस्य | | [signature] |
| १० | धर्म बहादुर नेपाली | सदस्य | | [signature] |
| ११ | अविराज उपाध्याय | स. सचिव | | [signature] |

आमन्त्रित

गोरीकला बुढा — उपाध्यक्ष

सुरेन्द्र सिंह साउद — प्रमुख प्रशासकीय अ...

विष्णु बहादुर रावल — पशु विकास शाखा प्रमुख

राम प्रसाद चौलागाई — कृषि/नाम ... [illegible]

केशव उपाध्याय — आयुर्वेद प्रमुख

लाल ब० रोकाया — का. स.

प्रस्तावहरु

१. स्थानीय शिक्षा योजना निर्माण कार्यदलगठन सम्बन्धमा

२. २०८३ को शैक्षिक पात्रो निर्माण सम्बन्धमा

३. आ. व. २०८१/०८२ को लेखापरिक्षकका लागि लेखापरिक्षक छनौट सम्बन्धमा

४. शैक्षिक सत्र सञ्चालन तथा पठन पाठन सम्ब...

५. शैक्षिक गुणस्तर र्सुव कार्यसम्पादनमा आधा... प्रोत्साहन अनुदानको प्रस्तावना पेस सम्बन्ध...

६. अनौपचारिक शिक्षा / आजीवन सिकाई कार्य... सञ्चालन सम्बन्धमा

७. श्री नारायण आ. वि. तिला-२ को वि.व्य.स गठ... सम्बन्धमा

८. SEE परीक्षा अनुगमन सम्बन्धमा

निर्णयहरु

निर्णय नं (१) प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँ पालिकाको शिक्षा क्षेत्रको समग्र विकास गुणस्तर अभिवृद्धि तथा दिर्घकालिन योजना निर्माण गर्ने उद्देश्यले तपसिल बमोजिमको पाँच वर्षिय शिक्षा योजना निर्माणकालागि सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

श्री मोतिलाल रोकाया — गा. पा. अध्यक्ष संयोजक

श्री नर बहादुर सिंह — वि. व्य. स. अध्यक्ष — सदस्य

श्री मान बहादुर सिंह — प्र. अ. — सदस्य

श्री जनक बहादुर शाही — शिक्षक — सदस्य

श्री कुपे रावत — " — सदस्य

श्री सरस्वती पाण्डे — बुद्धिजिवी महिला — सदस्य

श्री अविराज उपाध्याय — शिक्षा शाखा प्रतिनिधि ...

श्री भक्तविर सार्की — वडा अध्यक्ष — सदस्य

श्री सुस्मा हमाल — बाल क्लव — सदस्य

श्री रण बहादुर रावत — शिक्षक महासंघ — सदस्य

श्री — क्रिडाक प्रतिनिधि — सद...

श्री कमल बस्नेत — शिक्षा समिति सदस्य — सदस्य

श्री झनमाया खत्री — शाखा प्रमुख सदस्य सचिव

निर्णय नं (२) प्रस्ताव नं २ माथि छलफल गर्दा शैक्षिक सत्र २०८३ सालको शैक्षिक पात्रो यही २०८२ साल चैत्र २५ गतेसम्म छपाई गरि चैत्र मसान्त सम्म पालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं (३) प्रस्ताव नं ३ माथि छलफल गर्दा विद्यालय को आ.व. २०८१/०८२ को आय व्यय तथा सम्पूर्ण वित्तिय कारोबारको लेखा परिक्षण गराउनका लागि योग्य तथा इजाजत प्राप्त लेखापरिक्षकले प्रस्तावना पेस गरेको हुँदा तपसिल लेखा परिक्षकबाट मिति २०८३ साल असार १५ गते भित्र पालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालय तथा सामुदायिक सिकाई केन्द्र ले लेखा परिक्षण गर्ने निर्णय गरियो ।

तपसिल

१ हरि बहादुर भण्डारी

२. हिमालय खत्री

३. पदम बहादुर घर्ती

४.

निर्णय नं (४) प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८२ साल फागुन २६ गते बसेको प्र.अ. बैठकले गरेको निर्णय अनुसार नै विद्यार्थी भर्ना सँगसँगै पठन पाठन संञ्चालन गर्ने निर्णय गरियो ।

**योजना निर्माणसँग सम्बन्धित प्राविधिक समितिका तस्विरहरू**









**गाउँ शिक्षा योजना निर्माण कार्यदलको नामावली**

| | | | |
|---|---|---|---|
| १) | मोतिलाल रोकाया | गाउँपालिका अध्याक्ष | संयोजक |
| २) | रणबहादुर रावत | शिक्षक महासंघ प्रतिनिधि | सदस्य |
| ३) | नरबहादुर सिँह | विव्यस अध्यक्ष | सदस्य |
| ४) | मानबहादुर सिँह | प्रधानाध्यापक | सदस्य |
| ५) | जनकबहुर शाही | प्रधानाध्यापक | सदस्य |
| ६) | झुपे रावत | शिक्षक प्रतिनिधि | सदस्य |
| ७) | सरस्वती पाण्डे | महिला बुद्धिजीवि | सदस्य |
| ८) | अविराज उपाध्याय | शिक्षा शाखा प्रतिनिधि | सदस्य |
| ९) | भक्तविर सार्की | वडा अध्यक्ष | सदस्य |
| १०) | सुस्मा हमाल | बाल कलब अध्यक्ष | सदस्य |
| ११) | कमल बस्नेत | शिक्षा समिति प्रतिनिधि | सदस्य |
| १२) | ..... | | |
| १३) | झनमाया खत्री | शाखा प्रमुख | सदस्य सचिव |

**प्राविधिक कार्य तथा ड्राफ्ट तयारी समितिको नामावली**

| | | |
|---|---|---|
| १) | झनमाया खत्री | ब. शिक्षा अधिकृत |
| २) | अविराज उपाध्याय | शिक्षा अधिकृत |
| ३) | रणबहादुर रावत | शिक्षक महासंघ अध्यक्ष |
| ४) | झुपे रावत | प्रधानाध्यापक |
| ५) | जनकबहादुर शाही | प्रधानाध्यापक |
| ६) | मानबहादुर सिँह | प्रधानाध्यापक |

**गाउँ शिक्षा योजना निर्माण उपसमितिहरू**

१) प्रारम्भिक बालविकास र शिक्षा उपसमिति

| | |
|---|---|
| क) जोगबहादुर रावत | संयोजक |
| ख) दरिमान रावत | सदस्य |
| ग) जैरूपा रावत | सदस्य |

२) आधारभूत शिक्षा उपसमिति

| | |
|---|---|
| क) यज्ञप्रसाद उपाध्याय | संयोजक |
| ख) जैरूपा रावत | सदस्या |
| ग) पर्वलाल रावत | सदस्य |

३) माध्यमिक शिक्षा उपसमिति

| | |
|---|---|
| क) मानबहादुर सिँह | संयोजक |
| ख) मोतिराम बुढा | सदस्य |
| ग) टोपबहादुर भट्टराई | सदस्य |

४) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ उपसमिति

| | |
|---|---|
| क) रविन्द्र रावत | संयोजक |
| ख) सरिता रावत | सदस्य |
| ग) निर्माया बोहरा | सदस्य |

५) पाठ्यक्रम तथा मूल्याङ्कन उपसमिति

| | |
|---|---|
| क) रणबहादुर रावत | संयोजक |
| ख) दिनेश बुढा | सदस्य |
| ग) जनकबहादुर शाही | सदस्य |

६) शिक्षक व्यवस्थापन र विकास उपसमिति

| | |
|---|---|
| क) अविराज उपाध्याय | संयोजक |
| ख) झुपे रावत | सदस्य |
| ग) मनराज शाही | सदस्य |

७) समता र समावेशीकरण उपसमिति

| | |
|---|---|
| क) हर्क रावत | संयोजक |
| ख) गौरी थापा | सदस्य |
| ग) लाल बहादुर बुढा | सदस्य |

८) विद्यालय दिवाखाजा, स्वास्थ्य पोषण उपसमिति

| | |
|---|---|
| क) जयलाल रोकाया | संयोजक |
| ख) हर्क ब रावत | सदस्य |
| ग) जसुकला रावत | सदस्य |

९) आपतकालीन अवस्थामा शिक्षा उपसमिति

| | |
|---|---|
| क) झुपे रावत | संयोजक |
| ख) रणबहादुर रावत | सदस्य |
| ग) रामबहादुर रावत | सदस्य |

१०) विद्यालय शिक्षामा सूचना र सञ्चार प्रविधि उपसमिति

| | |
|---|---|
| घ) कल्से बस्नेत | संयोजक |
| ङ) दिपबहादुर सिँह | सदस्य |
| च) शेरबहादुर रावत | सदस्य |

११) लगानी र स्रोत व्यवस्थापन उपसमिति

| | |
|---|---|
| क) मोतिलाल रोकाया | संयोजक |
| ख) सर्पानन्द उपाध्याय | सदस्य |
| ग) झनमाया खत्री | सदस्य |
| घ) कमल बस्नेत | सदस्य |

## संक्षिप्त शब्दहरूको पूरा रूप

GESI : Gender Equality and Social Inclusion

SESP : School Education Sector Plan

SDG : Sustainable Development Goal

AT : Artificial Intelligence

TCT : Information and Communication Technology

SIP : School Improvement Plan

EIE : Education in Emerencies